# कोशी प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## अर्धवार्षिक प्रतिवेदन
## (आर्थिक वर्ष २०८१/८२)




कोशी प्रदेश

**नेपाल राष्ट्र बैंक**

**विराटनगर कार्यालय**

**२०८२ जेठ**

# भूमिका

आफ्नो स्थापनाको ६९ वर्ष पूरा गरिसकेको नेपाल राष्ट्र बैंकले स्थापनाकालदेखि नै वित्तीय क्षेत्रको विकास र आर्थिक स्थायित्वका साथै देशको समग्र आर्थिक विकासमा अग्रणी भूमिका खेल्दै आएको छ । देवकोटा चोक, विराटनगरस्थित आफ्नो कार्यालयबाट विभिन्न कार्यहरु गर्दै आएको नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयले हाल बैंकिङ कारोबार, मुद्रा व्यवस्थापन, प्रदेश सरकारको खाता व्यवस्थापन, आर्थिक गतिविधि तथा विशेष अध्ययनका क्षेत्रहरुमा कार्य गर्दै आईरहेको छ । कोशी प्रदेशको आर्थिक गतिविधि अध्ययनको लागि यस प्रदेश अन्तर्गतका सबै १४ जिल्लामा भएका कृषिबाली तथा पशुपन्छीको उत्पादन, मत्स्यपालन, सिँचाई, वन, औद्योगिक उत्पादन तथा उत्पादकत्व, बैंकिङ तथा वित्तीय सेवा र वित्तीय सञ्जालको अवस्था, पूर्वाधारको विद्यमान अवस्था, ती क्षेत्रहरुमा रहेका चुनौती तथा सम्भावनालाई समेटी आर्थिक वर्ष २०८१/८२ को प्रथम प्रादेशिक अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ । यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन **आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (पहिलो संशोधन, २०७९)**" मा आधारित भई तयार पारिएको छ । प्रतिवेदन तयारीका क्रममा कोशी प्रदेशका १० जिल्लाबाट स्थलगत तथा ४ जिल्लाबाट गैह्रस्थलगत रुपमा तथ्याङ्क संकलन गरिएको छ भने आर्थिक गतिविधिको विश्लेषण गर्नका लागि द्वितीयक तथ्याङ्कहरु प्रयोग गरी विभिन्न क्षेत्रहरुको प्रवृत्ति विश्लेषण गरिएको छ । विभिन्न सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था, प्रदेशभित्र सञ्चालित औद्योगिक प्रतिष्ठान, विकास परियोजना र निजी क्षेत्रबाट तथ्याङ्क तथा सूचना सङ्कलन गरी अर्थतन्त्रका प्रमुख क्षेत्रहरु कृषि, उद्योग, सेवा तथा पूर्वाधार विकास सम्बन्धी विश्लेषण गरिएको छ । त्यसैगरी, यस प्रतिवेदनमा विषयवस्तुको सान्दर्भिकता प्रस्तुत गर्न व्यावसायिक फर्मबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरी Case Study समेत समावेश गरिएको छ । प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया, छलफल एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत चुनौती, सम्भावना तथा आगामी परिदृश्य समेत चित्रण गरिएको छ ।

प्रतिवेदन तयारीका क्रममा आवश्यक तथ्याङ्कहरु समयमै उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने जिल्लास्थित विभिन्न सरकारी कार्यालयहरु, निर्देशनालय एवम् सम्बन्धित परियोजना/औद्योगिक प्रतिष्ठान र सरोकारवाला निकायहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । प्रतिवेदन तयारीका क्रममा तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रतिवेदन लेखनको कार्यमा संलग्न हुनुहुने यस कार्यालयका आर्थिक अनुसन्धान इकाईका उप-निर्देशक श्री अच्युत कुमार थापा, सहायक निर्देशक श्री दिपिका उप्रेती र श्री देवकान्त मण्डल प्रधान सहायकहरू श्री अशोक रेग्मी, श्री सुजन रसाइली, श्री रगेन्द्र साम्बा, श्री सुरेन्द्र पंजियार, श्री पासाङ्ग तामाङ्ग र श्री सुशिला थापा लाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

**शैलेन्द्र रेग्मी**
**निर्देशक**

**विषय सूची** **पेज नं.**


| | |
|---|---|
| **परिच्छेद १ : अध्ययन परिचय** | **१** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन | १ |
| १.३ अध्ययनको सीमा | २ |
| १.४ अध्ययन प्रतिवेदनको ढाँचा | २ |
| **परिच्छेद २ : प्रदेशको तुलनात्मक स्थिति** | **३** |
| २.१ राष्ट्रिय अर्थतन्त्रमा कोशी प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| २.२ अन्तरप्रदेश तुलना | ३ |
| २.३ प्रादेशिक क्षमता, सम्भावना र चुनौती | ४ |
| **परिच्छेद ३ : कृषि क्षेत्र** | **६** |
| ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| ३.२ कृषि उत्पादन | ७ |
| ३.३ पशुपन्छी, माछा उत्पादन | ९ |
| ३.४ वनजन्य उत्पादन | १० |
| ३.५ सिँचाई तथा मौसम | ११ |
| ३.६ क्षेत्रगत कृषि कर्जा | १२ |
| ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना | १३ |
| **परिच्छेद ४ : उद्योग क्षेत्र** | **१५** |
| ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी | १५ |
| ४.२ क्षेत्रगत औद्योगिक कर्जा | १७ |
| ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | १९ |
| **परिच्छेद ५: सेवा क्षेत्र** | **२०** |

५.१ पर्यटन २०

५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट २१

५.३ वित्तीय सेवा २२

५.४ यातायात तथा सञ्चार २७

५.५ सेवा क्षेत्र कर्जा २८

५.६ सहकारी २९

५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना २९

**परिच्छेद ६: पूर्वाधार र रोजगारी ३१**

६.१ पूर्वाधार क्षेत्र ३१

६.२ रोजगारी ३४

६.३ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना ३५

**परिच्छेद ७ : प्रादेशिक कार्यक्रम तथा योजना ३६**

७.१ कोशी प्रदेशको सरकारी वित्त स्थिति ३६

७.२ कोशी प्रदेशका स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति ३६

**परिच्छेद ८ : आर्थिक परिदृष्य ३९**

८.१ कृषि उत्पादन ३९

८.२ औद्योगिक उत्पादन ३९

८.३ सेवा क्षेत्र ३९

८.४ पूर्वाधार क्षेत्र ३९

# तालिकाहरुको सूची


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका २.१ | कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (आधार मूल्यमा) | ३ |
| तालिका २.२ | कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान | ३ |
| तालिका २.३ | प्रादेशिक आर्थिक परिसूचकहरू | ४ |
| तालिका ३.१ | खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा बालीहरूको अंश, उत्पादनमा योगदान र उत्पादकत्व | ८ |
| तालिका ३.२ | कोशी प्रदेशमा माछा र पशुजन्य उत्पादनको अवस्था | १० |
| तालिका ३.३ | कोशी प्रदेशमा सिँचाईको जिल्लागत अवस्था | ११ |
| तालिका ४.१ | जिल्लागत रुपमा औद्योगिक रोजगारीको अवस्था | १७ |
| तालिका ४.२ | औद्योगिक कर्जाको क्षेत्रगत अवस्था | १७ |
| तालिका ५.१ | कोशी प्रदेशमा हवाई उडान संख्या तथा यात्रु संख्याको अवस्था | २० |
| तालिका ५.२ | कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | २२ |
| तालिका ५.३ | क्षेत्रगत कर्जाको अंश | २३ |
| तालिका ५.४ | कोशी प्रदेशमा निक्षेप र कर्जाको जिल्लागत हिस्सा | २३ |
| तालिका ५.५ | कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको संरचना | २४ |
| तालिका ५.६ | कुल कर्जाको तुलनामा हिस्सा | २४ |
| तालिका ५.७ | तोकिएको क्षेत्रमा प्रवाह भएको कर्जा | २४ |
| तालिका ५.८ | कोशी प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जाको शीर्षकगत बक्यौता रकमको विवरण | २५ |
| तालिका ५.९ | कोशी प्रदेशमा निक्षेपकर्ता, ऋणी, बैंक शाखा र ए.टि.एम.संख्याको जिल्लागत विवरण | २५ |
| तालिका ५.१० | नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा गरेको फण्ड ट्रान्सफरको जिल्लागत विवरण | २६ |
| तालिका ५.११ | नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा खरिद गरेको परिवर्त्य विदेशी मुद्राको विवरण | २७ |
| तालिका ५.१२ | कोशी प्रदेशमा प्रवाह भएको सेवा क्षेत्र कर्जाको विवरण | २८ |
| तालिका ६.१ | वैदेशिक रोजगारीको लागि श्रम स्वीकृतिको जिल्लागत विवरण | ३४ |
| तालिका ७.१ | कोशी प्रदेश सरकारको वित्तीय प्रगति विवरण | ३६ |
| तालिका ७.२ | कोशी प्रदेशका स्थानीय तहहरुको वित्त स्थिति | ३७ |

# चार्टहरुको सूची


| चार्ट नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| चार्ट ३.१ | प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्रको अवस्था | ६ |
| चार्ट ३.२ | प्रमुख कृषि बालीको उत्पादन अवस्था | ८ |
| चार्ट ३.३ | कोशी प्रदेशमा काठ उत्पादनको जिल्लागत अवस्था | ११ |
| चार्ट ३.४ | कोशी प्रदेशमा सिँचाईका स्रोतहरुको अवस्था | १२ |
| चार्ट ३.५ | क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था | १२ |
| चार्ट ३.६ | जिल्लागत कृषि कर्जा प्रवाहको अवस्था | १३ |
| चार्ट ४.१ | उद्योगहरुको क्षमता उपयोगको अवस्था | १५ |
| चार्ट ४.२ | उद्योगहरुको उत्पादन वृद्धिदरको अवस्था | १६ |
| चार्ट ५.१ | घरजग्गा कारोबारको अवस्था | २१ |
| चार्ट ५.२ | यातायातका साधनहरुको संख्या | २७ |
| चार्ट ५.३ | कुल वितरित टेलिफोनको जिल्लागत अवस्था | २८ |
| चार्ट ५.४ | सहकारी संस्थाहरुको पुँजी, बचत र ऋण लगानीको वृद्धिदर | २९ |
| चार्ट ६.१ | जिल्लागत विद्युत उत्पादनको अवस्था | ३१ |
| चार्ट ७.१ | आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशका स्थानीय तहहरुको कुल प्राप्तिको संरचना | ३८ |

# कार्यकारी सारांश

## प्रदेशको समष्टिगत आर्थिक स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशको आर्थिक वृद्धि (उपभोक्ता मूल्यमा) ३.३४ प्रतिशत रहने अनुमान रहेको छ। गत आर्थिक वर्ष आर्थिक वृद्धि ३.३१ प्रतिशत भएको संशोधित अनुमान रहेको छ।

२. आर्थिक वर्ष २०८१/८२ मा नेपालको राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको हिस्सा १५.९० प्रतिशत हुने राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुमान रहेको छ।

३. आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको हिस्सा ३४.०५ प्रतिशत, उद्योग क्षेत्रको १६.०९ प्रतिशत र सेवा क्षेत्रको ४९.८५ प्रतिशत योगदान रहने अनुमान रहेको छ।

## कृषि

४. आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा कोशी प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल २.८ प्रतिशतले घटेको छ। समीक्षा अवधिमा कोदो, फापर, जौं, सुर्ती, आलु, मकै लगायत बालीले ढाकेको क्षेत्रफल घटेकोले समग्र कृषि बालीले ढाकेको क्षेत्रफल घटेको देखिन्छ।

५. कोशी प्रदेशमा समग्र कृषि उपजले ढाकेको क्षेत्रफल मध्ये खाद्य तथा नगदे बालीले ढाकेको क्षेत्रफलको हिस्सा ८८.३ प्रतिशत, तरकारी बालीले ढाकेको क्षेत्रफल ४.६ प्रतिशत र अन्य बालीले ढाकेको क्षेत्रफल ७.१ प्रतिशत रहेको छ। खाद्य, नगदे तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफलमा धान, मकै, गहुँ र कोदो बालीले ढाकेको क्षेत्रफलको हिस्सा ८२.५ प्रतिशत रहेको छ।

६. आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा समग्र कृषि बालीको उत्पादन २.०३ प्रतिशतले बढेको छ। सो अवधिमा खाद्य, नगदे तथा अन्य बालीको उत्पादन २.० प्रतिशत, तरकारीको उत्पादन ५.४ प्रतिशत, फलफूलको उत्पादन २.९ प्रतिशत, चियाको उत्पादन ०.८ प्रतिशत तथा कफीको उत्पादन १.६ प्रतिशतले बढेको छ भने मसलाको उत्पादन ९.९ प्रतिशतले घटेको छ।

७. समीक्षा अवधिसम्म यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ४०.८ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सुविधा पुगेको क्षेत्रफल ४०.५ प्रतिशत रहेको थियो।

८. समीक्षा अवधिमा कोशी प्रदेशमा दुध उत्पादन १.९ प्रतिशत, मासु उत्पादन ४.८ प्रतिशत, अण्डा उत्पादन ७.२ प्रतिशत, माछा उत्पादन ४.८ प्रतिशतले बढेको छ भने ऊन उत्पादन २.२ प्रतिशतले घटेको छ।

९. समीक्षा अवधिमा काठको उत्पादन ११.९ प्रतिशतले घटेको छ। औषधिजन्य उत्पादन र अन्य वनजन्य उत्पादन क्रमशः २६.१ र ४.० प्रतिशतले बढेको छ।

१०. २०८१ असार मसान्तको तुलनामा २०८१ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कोशी प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जामा ५.०२ प्रतिशतले कमी आएको छ। २०८१ पुस मसान्तसम्म कोशी प्रदेशमा प्रवाहित कर्जामध्ये कृषि क्षेत्रमा प्रवाह भएको कर्जाको अंश ९.७ प्रतिशत रहेको छ।

## उद्योग

११. आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनाको अवधिमा यस प्रदेशका नमुना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४८.६ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक बर्षको सोही अवधिमा उक्त उद्योगहरुको औसत क्षमता उपयोग ४१.७ प्रतिशत रहेको थियो ।

१२. उत्पादित वस्तु अनुसार समीक्षा अवधिमा भटमासको तेल उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा बढी १०७.१ प्रतिशत रहेको छ भने घरेलु धातुका सामान उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम ४.३ प्रतिशत रहेको छ ।

१३. समीक्षा अवधिमा भटमास तेलको उत्पादन सबैभन्दा बढी ६४१.१ प्रतिशतले बढेको छ भने घरेलु धातुका सामान उत्पादन सबैभन्दा बढी ७९.५ प्रतिशतले घटेको छ ।

१४. यस अध्ययनमा समेटिएका उद्योगहरूमा आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनाको अवधिमा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २.० प्रतिशतले कमी आई कुल १७,३६२ जना श्रमिक कार्यरत रहेका छन् ।

१५. समीक्षा अवधिमा कोशी प्रदेशको कुल औद्योगिक रोजगारीमध्ये ९१.६ प्रतिशत स्वदेशी र ८.४ प्रतिशत विदेशी कामदारहरूले रोजगारी प्राप्त गरेका छन् ।

१६. २०८१ असार मसान्तको तुलनामा २०८१ पुस मसान्तमा कुल औद्योगिक कर्जा ५.६ प्रतिशतले बढेर रु.१ खर्ब ४७ अर्ब ४७ करोड पुगेको छ ।

## सेवा

१७. २०८१ पुस मसान्तसम्म यस प्रदेशमा वाणिज्य बैंकका ७६२, विकास बैंकका १९५, वित्त कम्पनीका ३६ तथा लघुवित्त वित्तीय संस्थाका ८५३ गरी बैंक तथा वित्तीय संस्थाका जम्मा १,८४६ शाखा पुगेका छन् ।

१८. २०८१ असार मसान्तको तुलनामा २०८१ पुस मसान्तमा कोशी प्रदेशमा अवस्थित बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप परिचालन ३.१ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ९२ अर्ब पुगेको तथा कुल कर्जा प्रवाह १.२ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ८५ अर्ब पुगेको छ ।

१९. २०८१ असार मसान्तमा कोशी प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाको कर्जा निक्षेप अनुपात (CD Ratio) १२१.१ प्रतिशत रहेकोमा २०८१ पुस मसान्तमा यस्तो अनुपात ११९.० प्रतिशत रहेको छ ।

२०. २०८० पुस मसान्तको तुलनामा २०८१ पुस मसान्तमा नमुना छनौटमा परेका सहकारी संस्थाको कुल पुँजी ७.० प्रतिशत, कुल बचत १५.६ प्रतिशत बढेको छ भने ऋण प्रवाह २१.४ प्रतिशतले घटेको छ ।

२१. समीक्षा अवधिमा कोशी प्रदेशका नमुना छनौटमा परेका होटलहरुको औसत अकुपेन्सी दर ५३.३ प्रतिशत रहेको छ यस्तो दर अघिल्लो वर्षको सोही अवधिमा ५५.४ प्रतिशत रहेको थियो ।

२२. समीक्षा अवधिमा यस प्रदेशका नमुना छनौटमा परेका होटलहरुमा बाह्य पर्यटकको संख्या ४५.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या १ प्रतिशतले घटेको थियो ।

२३. आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा कोशी प्रदेशमा समग्र जहाज उडान संख्या १.२ प्रतिशतले कमी आएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त संख्या ७.६ प्रतिशतले कमी आएको थियो ।

२४. आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा कोशी प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या ६२.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त संख्या ११.४ प्रतिशतले कमी आएको थियो ।

## पूर्वाधार

२५. २०८१ पुस मसान्तसम्ममा कोशी प्रदेशका विभिन्न जिल्लाहरुमा निर्माण सम्पन्न ५३ वटा जलविद्युत आयोजनाहरुको विद्युत उत्पादन क्षमता ६६२.२५ मेगावाट रहेको छ । यी आयोजनाहरु मध्ये सोलुखुम्बु जिल्लामा निर्माण सम्पन्न भएका आयोजनाहरुको उत्पादन क्षमता सबैभन्दा बढी २५७.४ मेगावाट रहेको छ ।

२६. कोशी (उत्तर दक्षिण) लोकमार्ग अन्तर्गतको रानी-विराटनगर-इटहरी-धरान सडक आयोजना अन्तर्गतको ४९ कि.मी. ६ लेन सडक तथा विराटचोक-घिनाघाट ४ लेन सडक निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

२७. कोशी प्रदेशमा आर्थिक वर्ष २०८०/८१ को साउनदेखि पुस मसान्तसम्मको तुलनामा समीक्षा अवधिमा वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिनेको संख्या ११.५ प्रतिशतले वृद्धि भई कुल ८३ हजार ९ सय ४८ जना रहेका छन् ।

# परिच्छेद १ : अध्ययन परिचय

## १.१ पृष्ठभूमि

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा परिवर्तन भएपश्चात् केन्द्रीय बैंकको भूमिकालाई थप प्रभावकारी बनाई तथ्यमा आधारित नीति निर्माण गर्ने उद्देश्यले यस बैंकले प्रदेशस्थित कार्यालयहरूमार्फत प्रदेशस्तरमा कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी तथा प्रदेश र स्थानीय सरकारको वित्त स्थितिसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, प्रशोधन, अध्ययन र विश्लेषण गरी प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशित गर्दै आएको छ। कोशी प्रदेशका सबै १४ जिल्ला (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ र उदयपुर) समेटेर प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको छ। आर्थिक वर्ष २०८१/८२ को प्रस्तुत प्रथम अर्ध-वार्षिक प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन “आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (पहिलो संशोधन २०७९)” मा आधारित भएर तयार गरिएको छ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन

यस कार्यालयले कोशी प्रदेशमा रहेका १४ जिल्लाहरुको आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिना (साउनदेखि पुससम्म) को समग्र आर्थिक स्थिति सहित कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगतिका आधारमा यो अर्ध-वार्षिक प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ। त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा कोशी प्रदेशको योगदान र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण प्रतिवेदनमा समावेश गरिएको छ। प्रतिवेदनमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा देखिएका सम्भावना, समस्या एवम् चुनौतीहरू समेत समावेश गरिएको छ। यसका अतिरिक्त समीक्षा अवधिको आर्थिक स्थिति तथा चालु आर्थिक वर्षको बाँकी अवधिमा प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको सम्भावित परिदृश्य समेत समावेश गरिएको छ।

यस प्रतिवेदनमा उल्लेख गरिएका कृषिसम्बन्धी तथ्याङ्क कृषि तथा पशुपन्छी विकास मन्त्रालय एवम् सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय र डिभिजन वन कार्यालयबाट संकलन गरिएको छ। औद्योगिक क्षेत्रतर्फ उद्योगहरूको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमुना छनौटमा परेका ४३ उद्योगहरूको स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमुना छनौटमा परेका १० होटलहरूको स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ। घरजग्गा रजिष्ट्रेसन संख्या र सो वापतको राजस्व रकम, बैंकिङ क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क नेपाल राष्ट्र बैंकको Supervisory Information System (SIS) का आधारमा तयार गरिएको छ। घरजग्गा नक्सा पाससम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरूबाट, पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशका राष्ट्रिय गौरव, प्रदेश गौरव र राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने आयोजनाहरूबाट लिइएको छ। यातायात सेवातर्फ, सवारी संख्यासम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयहरूबाट लिइएको छ। सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका नमुना छनौट परेका १० वटा बचत तथा ऋण सहकारी संस्थाहरूबाट तथ्याङ्क संकलन गरिएको छ।

उल्लिखित सरकारी कार्यालय, स्थानीय तह र अन्य निजी/सार्वजनिक निकायबाट द्वितीय तथ्याङ्क सङ्कलन गरिएको छ भने संक्षिप्त अध्ययनका लागि सम्बन्धित फर्म/कम्पनीको स्थलगत भ्रमण गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ। तथ्याङ्क तथा सूचना सङ्कलनको लागि इमेल, वेवसाइट तथा टेलिफोन लगायत विद्युतीय माध्यमको समेत प्रयोग

गरिएको छ । प्रतिवेदनमा व्याख्यात्मक विधि (Descriptive Method) को प्रयोग गरी तथ्याङ्कको विश्लेषण गरिएको छ । विशेष गरी समीक्षा अवधिभरिमा भएको परिवर्तनलाई समेटेर प्रतिवेदनमा प्रवृत्ति विश्लेषण गरिएको छ ।

## १.३ अध्ययनको सीमा

यस अध्ययनका सीमाहरू देहायबमोजिम रहेका छन् ।

१. यो अध्ययन “आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९)” ले तोकेको तथ्याङ्क प्रदायक निकायहरूबाट प्राप्त तथ्याङ्कमा आधारित रहेको छ ।

२. प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनले जिल्लागत रुपमा, घरनक्सा पास तथा वित्त स्थितिका लागि केही स्थानीय तह (नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका) बाट मात्र तथ्याङ्क सङ्कलन गरिएको छ ।

३. “आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९)” मा तोकिएका ४३ उद्योग, १० होटल र १० सहकारीहरूबाट मात्र तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यो अध्ययन प्रतिवेदन नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले जारी गरेको “आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९)” मा आधारित भएर तयार पारिएको छ । यो प्रतिवेदनको समग्र ढाँचा उक्त मार्गदर्शनले तोके बमोजिम रहेको छ । यस प्रतिवेदनमा ८ परिच्छेदहरू रहेका छन् । परिच्छेद १ मा अध्ययनको परिचय प्रस्तुत गर्दै प्रतिवेदन तर्जुमाको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा कोशी प्रदेशको अन्य प्रदेशसँग तुलनात्मक स्थिति र राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत योगदान प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीको विवरण समावेश गरिएको छ । परिच्छेद ७ मा संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजनाका बारेमा उल्लेख गरिएको छ भने परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २ : प्रदेशको तुलनात्मक स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार चालु आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ४.६१ प्रतिशत र आधारभुत मूल्यमा ३.९९ प्रतिशत रहने अनुमान रहेको छ । आर्थिक वर्ष २०८१/८२ मा नेपालको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.६१ खर्ब ७ अर्ब रहने अनुमान गरेको छ । आ.व. २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा ३.६७ प्रतिशत र आधारभुत मूल्यमा ३.३६ प्रतिशतले विस्तार भएको संसोधित अनुमान रहेको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २५.१६ प्रतिशत, १२.८३ प्रतिशत तथा ६२.०१ प्रतिशत रहने अनुमान रहेको छ।

**तालिका २.१ : कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (आधारभूत मूल्यमा, प्रतिशत)**

| क्षेत्र | २०८०/८१स | २०८१/८२प्रा |
|---|---|---|
| कृषि क्षेत्र | ३.३५ | ३.२८ |
| उद्योग क्षेत्र | ०.११ | ४.५३ |
| सेवा क्षेत्र | ४.३५ | ४.२१ |
| **आर्थिक वृद्धिदर** | **३.३६** | **३.९९** |

**तालिका २.२ : कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)**

| क्षेत्र | २०८०/८१स | २०८१/८२प्रा |
|---|---|---|
| कृषि क्षेत्र | २४.६७ | २५.१६ |
| उद्योग क्षेत्र | १२.०३ | १२.८३ |
| सेवा क्षेत्र | ६२.२९ | ६२.०१ |

*स: संशोधित अनुमान; प्रा: प्रारम्भिक अनुमान,*
*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.१ राष्ट्रिय अर्थतन्त्रमा कोशी प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशको आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) ३.३४ प्रतिशत रहने अनुमान रहेको छ । यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.९ खर्ब ७० अर्ब ७४ करोड पुग्ने अनुमान छ । समीक्षा वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३४.०५ प्रतिशत, १६.०९ प्रतिशत र ४९.८५ प्रतिशत रहने अनुमान छ। कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार समीक्षा वर्षमा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा कोशी प्रदेशको अंश क्रमशः २१.५१ प्रतिशत, १९.९४ प्रतिशत र १२.७८ प्रतिशत रहने अनुमान छ।

## २.२ अन्तरप्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८१/८२ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको हिस्सा १५.९० प्रतिशत रहने अनुमान रहेको छ। त्यसैगरी, बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३६.५२ प्रतिशत रहने अनुमान रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.१९ प्रतिशत रहने अनुमान रहेको छ । कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २१.५१ प्रतिशत रहने अनुमान रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.२४ प्रतिशत रहने अनुमान रहेको छ । उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३१.६८ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ३.१३ प्रतिशत रहने अनुमान रहेको छ। सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ४५.३९ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.९८ प्रतिशत रहने अनुमान रहेको छ।

**तालिका २.३ : प्रादेशिक आर्थिक परिसूचकहरू**

**(आर्थिक वर्ष २०८१/८२)**

| आर्थिक परिसूचक/प्रदेश | कोशी | मधेस | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु. अर्बमा) | **९७०.७४** | ८०३.९७ | २२३०.२३ | ५४८.१६ | ८६८.९० | २५५.५९ | ४२९.६३ | ६१०७.२२ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | **१५.९०** | १३.१६ | ३६.५२ | ८.९८ | १४.२३ | ४.१९ | ७.०३ | १००.०० |
| आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा)(प्रतिशत) | **३.३४** | ४.५० | ५.१८ | ५.५१ | ४.७० | ४.७४ | ३.३२ | ४.६१ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | **२१.५१** | १९.२२ | १७.१२ | ९.६७ | १७.५४ | ५.२४ | ९.७१ | १००.०० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | **१९.९४** | १०.९३ | ३१.६८ | ११.९८ | १५.४७ | ३.१३ | ६.८७ | १००.०० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | **१२.७८** | ११.१७ | ४५.३९ | ८.०७ | १२.६३ | ३.९८ | ५.९८ | १००.०० |
| **कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)** | | | | | | | | |
| कृषि क्षेत्र | **३४.०५** | ३६.७३ | ११.८० | २७.१० | ३१.०२ | ३१.५० | ३४.७२ | २५.१६ |
| उद्योग क्षेत्र | **१६.०९** | १०.६६ | ११.१३ | १७.१३ | १३.९५ | ९.५८ | १२.५३ | १२.८३ |
| सेवा क्षेत्र | **४९.८५** | ५२.६१ | ७७.०७ | ५५.७७ | ५५.०२ | ५८.९१ | ५२.७५ | ६२.०१ |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

## २.३ प्रादेशिक क्षमता, सम्भावना र चुनौती

### २.३.१ प्रादेशिक क्षमता तथा सम्भावना

१. पदयात्राका लागि उत्कृष्ट गन्तव्यका रुपमा रहेका सगरमाथा आधार शिविर, मकालु आधार शिविर, मुन्दुम पदमार्ग लगायतका अन्य गन्तव्यहरुको अन्तर्राष्ट्रिय जगतमा प्रचारप्रसार गरी पर्यटकको संख्यामा वृद्धि गरी लाभ लिन सकिने ।

२. यस प्रदेशमा उत्पादन हुने बालीहरूले आन्तरिक माग धान्न सक्ने भएकाले प्रविधिमैत्री, सामूहिक र व्यावसायिक कृषि प्रणाली विकास गरी कुल गार्हस्थ उत्पादनमा योगदान बढाउन सकिने ।

३. यस प्रदेशमा रहेका नदी तथा झरनाको पानी प्रशोधन गर्ने उद्योगहरुको स्थापना गरी मिनिरल वाटर उत्पादन गरी निर्यात गर्न सकिने ।

४. यस प्रदेशमा तुलनात्मक लाभका उद्योग तथा कलकारखाना स्थापना गर्न विदेशी लगानी आकर्षित गर्न सके उत्पादित वस्तु तथा सेवा निकासी गर्न श्रम, समय तथा लागतका दृष्टिले उपयुक्त हुने र विदेशी मुद्रा आर्जन गर्न सकिने ।

५. कोशी प्रदेशमा साना तथा घरेलु उद्योगको विकास गर्ने, काठका सामान, बाँस, निगालोका चोयाका सामान, बाँस वा निगालोवाट सिधै बन्ने सामाग्री, स्थानीय खाद्यान्न, पूर्वको प्रख्यात ढाका, अल्लोको सामग्रीजस्ता स्थानीय सीपमा आधारित उत्पादन अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न सकिने ।

६. यस प्रदेशमा रहेका वन जङ्गलमा पाइने विभिन्न किसिमका जडिबुटीहरु प्रशोधन गरी आयुर्वेदिक औषधी उत्पादनसँग सम्बन्धित उद्योग स्थापना गरी उत्पादनहरु निर्यात गर्न सकिने ।

७. यस प्रदेशमा रहेका हलेसी, पाथीभरा, बराह क्षेत्र लगायतका धार्मिक स्थानहरूमा पूर्वाधारको विकास गरी भारतीय पर्यटकलाई आकर्षित गरी आर्थिक लाभ हासिल गर्न सकिने ।

### २.३.२ प्रादेशिक चुनौती

१. कृषिमा जनसंख्याको आवद्धता उच्च रहेता पनि अर्थतन्त्रमा यस क्षेत्रको योगदान अपेक्षितरुपमा बढ्न नसकेको हुँदा आवद्ध रहेका जनसंख्यालाई सीपयुक्त, प्रविधिमैत्री तथा दक्ष जनशक्तिमा परिणत गरी प्रादेशिक अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान बढाउनु ।

२. खेतीयोग्य जमिन घडेरीमा परिणत हुँदै गइरहेको र युवाजनशक्ति वैदेशिक रोजगारीमा जानेक्रम बढीरहेकाले यस क्षेत्रमा युवा जनशक्तिलाई आकर्षित गरी यस क्षेत्रको व्यावसायिकरणमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरी बढ्दो खाद्यान्न आयातलाई न्यूनीकरण गर्नु ।

३. यस प्रदेशमा मासु, दुध तथा दुग्धजन्य उत्पादनको उच्च सम्भावना रहेकाले बढी प्रतिफल दिने पशु नश्लको सुलभ उपलब्धता, प्राविधिक जनशक्तिको व्यवस्थापन तथा बजारको सुनिश्चितता गर्नु ।

४. सहकारी तथा करार खेतीको माध्यमबाट कृषि क्षेत्रको औद्योगिकीकरण गरी कृषि उत्पादनको उत्पादक स्वयम्ले मूल्य निर्धारण गर्ने वातावरणको सिर्जना गर्नु ।

५. प्रदेशमा पर्याप्त रोजगारीको अवसर सिर्जना गरी दक्ष जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्नु ।

६. औद्योगिक क्षेत्रको विकासको लागि यस प्रदेशमा निजी क्षेत्रका लगानीकर्तालाई आकर्षित गर्न पूर्वाधार र व्यवसाय मैत्री नीति निर्माण गर्नु ।

७. कृषि उत्पादन वृद्धि र प्रशोधनका लागि आधुनिक प्रविधि तथा बजार पहुँचको उपलब्धता सुनिश्चित गर्नु ।

८. पर्यटन पूर्वाधारको विकास, सेवा र सुविधाको सुनिश्चितता तथा बजार प्रवर्द्धनका साथै प्राकृतिक जोखिमहरु पूर्वानुमानका साथै सोको पुर्वतयारी गरी पर्यटन क्षेत्रको योगदान बढाउनु ।

९. कोशी प्रदेशको विभिन्न क्षेत्रमा हुने कृषि, तरकारी, फलफुल लगायतका उत्पादनहरुको बजार यसै प्रदेशको तराई क्षेत्र रहेको तर तराई क्षेत्रमा भारतीय बजारबाट अनौपचारिक माध्यमबाट भित्रिने कम गुणस्तर तथा सस्तो मूल्य भएका उत्पादनहरुसँग प्रतिस्पर्धा गर्नुपर्ने भएकाले अनौपचारिक माध्यमबाट भित्रिने त्यस्ता उत्पादनहरुलाई पूर्णरुपमा रोक लगाई स्वदेशी कृषिजन्य उत्पादन र कृषिसँग सम्बन्धित उद्योगहरुलाई संरक्षण गर्नु ।

१०. औद्योगिक क्षेत्रमा आवश्यक दक्ष र अदक्ष कामदारको आपूर्ति, बजारको सुनिश्चितता, उद्योगीहरूको आत्मविश्वास वृद्धि र नियमित विद्युत आपूर्ति सुनिश्चित गरी उद्योगहरूको क्षमता उपयोग बढाउनु ।


११. सुनसरी मोरङ औद्योगिक करिडोरका उद्योगहरूले हरेक वर्ष वर्षायाममा डुवानका कारण ठुलो क्षति व्यहोर्नु पर्ने भएकोले सो समस्याको दीर्घकालीन समाधान खोज्नु ।

# परिच्छेद ३ : कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधि (२०८१ साउनदेखि पुससम्म) मा यस प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल २.८ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल २.३ प्रतिशतले घटेको थियो। यस प्रदेशमा समग्र कृषि उपजले ढाकेको क्षेत्रफल मध्ये खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलको हिस्सा ८८.३ प्रतिशत, तरकारी बालीको ४.६ प्रतिशत, फलफूलको २.५ प्रतिशत, मसला बालीको २.८ प्रतिशत र चिया तथा कफीको १.८ प्रतिशत रहेको छ। खाद्य, नगदे तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफलमा धान, मकै, गहुँ, र कोदो बालीले ढाकेको क्षेत्रफलको कुल हिस्सा ८२.५ प्रतिशत रहेको छ । कुल खेती गरिएको क्षेत्रफलमा सबैभन्दा धेरै धान बालीको अंश ३३.३ प्रतिशत रहेको छ।

**चार्ट ३.१ : प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्रको अवस्था**




*स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र*

### ३.१.१ खाद्य, नगदे तथा अन्य बाली

आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा यस प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल ३.३ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा यस्तो बालीले ढाकेको क्षेत्रफल २.२ प्रतिशतले घटेको थियो। खेतीयोग्य जमिनमा सिँचाइको सुविधा नहुनु, जलवायु परिवर्तनका कारण समयमा वर्षा नहुनु, कृषि पेशामा युवा जनशक्तिको आकर्षण कम हुनु, वैदेशिक रोजगारीका कारण कामदारको अभाव हुनु, कृषि बालीमा बाँदर तथा हात्तिले पार्ने गरेको क्षति निरन्तर बढ्दै जानु जस्ता कारणले कृषकहरुले कृषि बाली लगाउन छोडेकाले क्षेत्रफल घटेको देखिन्छ।

आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा मकै ,गहुँ, कोदो, जौं ,फापर तथा आलु बालीले ढाकेको क्षेत्रफल क्रमशः ३.५ प्रतिशत, ९.३ प्रतिशत १८.१ प्रतिशत, २९.४ प्रतिशत, २३.१ प्रतिशत, ६.४ प्रतिशत, त्यस्तै सुर्ती ३९.३ प्रतिशत, भटमास ४.१ प्रतिशत, तेलहन १.६ प्रतिशत र दलहन ०.८ प्रतिशतले घटेको छ भने धान तथा उखु, बालीले ढाकेको क्षेत्रफल क्रमशः १.५ प्रतिशत र १.९ प्रतिशतले बढेको छ।

समीक्षा अवधिमा प्रमुख खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये धान, मकै, गहुँ, कोदो र आलु बालीले ढाकेको क्षेत्रफलको अंश क्रमशः ३७.७ प्रतिशत, ३१.९ प्रतिशत, ६.१ प्रतिशत, ६.८ प्रतिशत र ६.१ प्रतिशत रहेको छ। समग्र कृषि उपजले ढाकेको क्षेत्रफलमा धान, मकै, गहुँ, कोदो र आलुको अंश क्रमशः ३३.३ प्रतिशत, २८.२ प्रतिशत, ५.४ प्रतिशत, ६ प्रतिशत र ५.४ प्रतिशत रहेको छ । समीक्षा अवधिमा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये झापा जिल्लामा सबैभन्दा बढी २०.६ प्रतिशत र सोलुखुम्वु जिल्लामा सबैभन्दा कम २.८ प्रतिशत क्षेत्रफल रहेको छ ।

### ३.१.२ तरकारी

आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा तरकारी बालीले ढाकेको क्षेत्रफल ४५ हजार ६ सय ८ हेक्टर रहेको छ जुन अघिल्लो वर्षको तुलनामा २.७ प्रतिशतले बढी हो । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल २.४ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा प्रदेशको समग्र कृषि उपजले ढाकेको क्षेत्रफलमा तरकारी बालीले ढाकेको क्षेत्रफल ४.६ प्रतिशत रहेको छ भने तरकारी बालीको कुल क्षेत्रफलमध्ये मोरङ जिल्लामा सबैभन्दा बढी २२.३ प्रतिशत र खोटाङ जिल्लामा सबैभन्दा कम १.२ प्रतिशत भू-भाग रहेको छ ।

### ३.१.३ फलफूल

आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा फलफूलले ढाकेको क्षेत्रफल २४ हजार ७ सय ४४ हेक्टर रहेको छ । जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा १.७ प्रतिशतले बढी हो । समीक्षा अवधिमा प्रदेशको कुल कृषि उपजले ढाकेको क्षेत्रफलमा फलफूल खेतीले ढाकेको क्षेत्रफल २.५ प्रतिशत रहेको छ भने फलफूल खेतीको क्षेत्रफल मध्ये मोरङ जिल्लामा सबैभन्दा बढी २०.८ प्रतिशत र ओखलढुङ्गा जिल्लामा सबैभन्दा कम १.५ प्रतिशत भू-भाग रहेको छ ।

### ३.१.४ मसला बाली

आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा मसला बालीले ढाकेको क्षेत्रफल २८ हजार १ सय ३४ हेक्टर रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३.८ प्रतिशतले कम हो । गत वर्षको सोही अवधिमा उक्त क्षेत्रफल १.९ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा प्रदेशको कुल कृषि उपजले ढाकेको क्षेत्रफलमा मसला बालीले ढाकेको क्षेत्रफल २.९ प्रतिशत रहेको छ भने मसला बालीले ढाकेको क्षेत्रफलमध्ये इलाम जिल्लाको हिस्सा सबैभन्दा बढी १६.४ प्रतिशत र ओखलढुङ्गा जिल्लाको सबैभन्दा कम ०.७ प्रतिशत रहेको छ ।

### ३.१.५ चिया तथा कफी


आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा चिया खेतीले ढाकेको क्षेत्रफल १६ हजार ६ सय ४ हेक्टर रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ०.६ प्रतिशतले बढेको देखिन्छ । कफी खेतीले ढाकेको क्षेत्रफल ७ सय ७७ हेक्टर रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ९७.३ प्रतिशतले बढी हो । यस प्रदेशको पहाडी जिल्लाहरूमा कफी खेतीप्रति आकर्षण बढेसँगै कफी खेतीको क्षेत्रफलमा उल्लेखनीय रुपमा वृद्धि भएको छ । समीक्षा अवधिमा प्रदेशको कुल कृषि उपजले ढाकेको क्षेत्रफलमा चिया तथा कफी बालीले ढाकेको क्षेत्रफल १.८ प्रतिशत रहेको छ । चिया तथा कफी खेती गरिएको कुल क्षेत्रफलमध्ये झापा र इलाम जिल्लामा मात्र ९३ प्रतिशत भू-भाग रहेको छ ।

## ३.२ कृषि उत्पादन

आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा यस प्रदेशमा समग्र कृषिजन्य उत्पादन २.०३ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा समग्र कृषिजन्य उत्पादन ०.२ प्रतिशतले घटेको थियो । समिक्षा अवधिमा खाद्य,

नगदे तथा अन्य बालीको क्षेत्रफल घटेको भएतापनि व्यवसायिक कृषि खेतीमा भएको विस्तार, समयमा वर्षा, सिँचाईको सुविधा, समयमै मलको उपलब्धता, उन्नत जातको बिउबिजनको प्रयोग गर्नुले उत्पादकत्वमा वृद्धिभई समग्र कृषि बालीको उत्पादन बढेको देखिन्छ ।

**चार्ट ३.२ : प्रमुख कृषि बालीको उत्पादन अवस्था**




*स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र*

### ३.२.१ खाद्य, नगदे तथा अन्य बाली

| तालिका नं.३.१ खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा बालीहरुको अंश, उत्पादनमा योगदान र उत्पादकत्व | | | |
|---|---|---|---|
| **बाली** | **उत्पादनमा योगदान (प्रतिशत)** | **ढाकेको क्षेत्रफलको अंश (प्रतिशत)** | **उत्पादकत्व** |
| धान | ३८.३ | ३७.७ | ४.५ |
| मकै | २६.१ | ३१.९ | ३.६ |
| कोदो | २.४ | ६.८ | १.५ |
| आलु | २२.१ | ६.१ | १५.९ |
| अन्य | ११.१ | १७.५ | ४.३ |
| **कुल** | १००.० | १००.० | |

स्रोत: कृषि ज्ञान केन्द्र

आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा खाद्य, नगदे तथा अन्य बालीको उत्पादन २.० प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा उक्त बालीहरुको उत्पादन २.५ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा धान, मकै, उखु र भटमासको उत्पादन क्रमशः २.२ प्रतिशत, ९.२ प्रतिशत, ०.४ प्रतिशत र ३.४ प्रतिशतले बढेको छ भने कोदो, जौं, फापर, आलु, सुर्ती, तेलहन र दलहनको उत्पादनमा क्रमशः १३.५ प्रतिशत, २४.५ प्रतिशत, ३.९ प्रतिशत, ३.१ प्रतिशत, ३७.५ प्रतिशत, १.४ प्रतिशत र १.३ प्रतिशतले कमी आएको छ । गत वर्षको सोही अवधिमा धान, कोदो, आलु, उखु, र सनपाटको क्रमशः ७.४ प्रतिशत, ०.९ प्रतिशत, २.८ प्रतिशत, ०.८ प्रतिशत र ०.४ प्रतिशतले बढेको थियो भने मकै, जौं, फापर, भटमास ,तेलहन र दलहन क्रमशः ३.३ प्रतिशत, ६.९ प्रतिशत, ०.१ प्रतिशत, ४.८ प्रतिशत, ०.६ प्रतिशत र ५.० प्रतिशतले घटेको थियो । जलवायु परिवर्तनका कारण समयमा वर्षा नहुने, कुल खेतीयोग्य जमिनको तुलनामा सिँचाई सुविधाको अभाव, बाँदर लगायत अन्य जीवजन्तुले बाली नष्ट गर्ने, गुणस्तरीय बिउ, रोगकिराको प्रकोप, मलखादको अभाव, विदेशबाट आयातित वस्तुको तुलनामा स्थानीय उत्पादन लागत प्रतिस्पर्धी हुन नसकेको आदि कारणले किसानहरुको आकर्षण घट्दै गइरहेको हुँदा जौं, दलहन र तेलहनको उत्पादनमा कमी आएको देखिन्छ ।

समीक्षा अवधिमा यस प्रदेशमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमध्ये धान उत्पादनको अंश सबैभन्दा बढी ३८.३ प्रतिशत, मकै उत्पादनको अंश २६.१ प्रतिशत र आलु उत्पादनको अंश २२.१ प्रतिशत रहेको छ । समग्र कृषि उपजको उत्पादनमा धान बालीको अंश सबैभन्दा बढी ३० प्रतिशत, मकैको अंश २०.५ प्रतिशत कोदोको अंश १.९ प्रतिशत र आलुको अंश १७.३ प्रतिशत रहेको छ । समीक्षा अवधिमा खाद्य नगदे तथा अन्य बालीको उत्पादनमा जिल्लागत योगदानको आधारमा झापा जिल्लाको अंश सबैभन्दा बढी २७.३ प्रतिशत र तेह्रथुम जिल्लाको अंश सबैभन्दा कम २.१ प्रतिशत योगदान रहेको छ ।

### ३.२.२ तरकारी

आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनाको अवधिमा तरकारी बालीको उत्पादन ६ लाख २६ हजार १ मेट्रिक टन रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ५.४ प्रतिशतले बढी हो । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ३.१ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा तरकारी तथा बागवानीसँग सम्बन्धित उत्पादनमा जिल्लागत रुपमा मोरङ जिल्लाको हिस्सा सबैभन्दा बढी २२.४ प्रतिशत र खोटाङ जिल्लाको हिस्सा सबैभन्दा कम १.१ प्रतिशत रहेको छ ।

### ३.२.३ फलफूल

आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनाको अवधिमा फलफूलको उत्पादन २ लाख ६३ हजार ९ सय ३५ मेट्रिक टन रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा २.९ प्रतिशतले बढी हो । समीक्षा अवधिमा आँप, सुन्तला तथा केराको उत्पादन बढेकाले समग्रमा फलफूल उत्पादन बढेको हो । प्रदेशको फलफूल उत्पादनमा झापा जिल्लाको हिस्सा सबैभन्दा बढी ३४.४ प्रतिशत र ओखलढुङ्गा जिल्लाको हिस्सा सबैभन्दा कम ०.६ प्रतिशत रहेको छ ।

### ३.२.४ मसला बाली

आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनाको अवधिमा मसलाको उत्पादन १ लाख ४९ हजार २ सय ५६.४ मेट्रिक टन रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ९.९ प्रतिशतले कम हो । समीक्षा अवधिमा इलाम जिल्लामा अदुवा उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा २९.९ प्रतिशतले कम भएका कारण प्रदेशको समग्र मसला बालीको उत्पादनमा कमी आएको हो । मसला उत्पादनमा इलाम जिल्लाको हिस्सा सबैभन्दा बढी २७.३ प्रतिशत रहेको छ भने ओखलढुङ्गा जिल्लाको हिस्सा सबैभन्दा कम १.३ प्रतिशत रहेको छ ।

### ३.२.५ चिया तथा कफी

आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनाको अवधिमा चियाको उत्पादन १० हजार ७ सय ५६.१ मेट्रिक टन रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ०.८ प्रतिशतले बढी हो । समीक्षा अवधिमा कफीको उत्पादन १.६ प्रतिशतले बढेको छ । यस प्रदेशमा कुल चिया उत्पादनको ९६.४ प्रतिशत हिस्सा झापा र इलाम जिल्लाको रहेको छ । कुल कफी उत्पादनमा इलाम जिल्लाको हिस्सा सबैभन्दा बढी ५९.७ प्रतिशत रहेको छ ।

## ३.३ पशुपन्छी, माछा उत्पादन

आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा दुधको उत्पादन ३ लाख १५ हजार ६ सय ९७ लिटर रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा १.९ प्रतिशतले बढी हो । अण्डाको उत्पादन ८८ हजार ९ सय ९० गोटा रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ७.२ प्रतिशतले बढी हो भने माछाको उत्पादन ६ हजार २ सय ३२ मेट्रिक टन रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ४.८ प्रतिशतले बढी हो । त्यसैगरी समीक्षा अवधिको पहिलो ६ महिनामा मासुको उत्पादन ४५ हजार ७ सय ६२ मेट्रिक टन रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ४.८ प्रतिशतले बढी हो भने ऊनको उत्पादन १९ हजार ३ सय ३६ के.जी. रहेको

छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा २.२ प्रतिशतले कम हो । गत वर्षको सोही अवधिमा दुध, मासु, अण्डा र माछाको उत्पादन क्रमशः ३.८ प्रतिशत, ३.९ प्रतिशत, ०.९ प्रतिशत, ३.८ प्रतिशत र ऊनको उत्पादन ६.१ प्रतिशतले वृद्धि भएको थियो । पछिल्लो समयमा व्यावसायिक रुपमा उन्नत नश्लका पशुपन्छीपालन गर्ने किसानको संख्यामा वृद्धि हुँदै गएको, उत्पादित वस्तुको बजार माग उल्लेख्य रहेको, सरकारी निकायबाट सञ्चालन भएका जोन/ब्लक कार्यक्रम, सहुलियतपूर्ण कर्जा, अनुदान, प्राविधिक सहायता, रोगव्याधी निदान जस्ता कार्यक्रमहरुले गर्दा पशुपन्छीपालन व्यवसायमा आकर्षण बढ्दै गएकोले पशुजन्य उत्पादनमा वृद्धि भएको हो ।

**तालिका नं. ३.२ : कोशी प्रदेशमा माछा र पशुजन्य उत्पादनको अवस्था**

| उत्पादन | २०८०/८१ (साउन पुस) | २०८१/८२ (साउन पुस) | वृद्धिदर |
|---|---|---|---|
| दुध (हजार लि.) | ३०९९४५ | ३१५६९७ | १.९ |
| मासु (मे.टन) | ४३६८३ | ४५७६२ | ४.८ |
| अण्डा (हजार गोटा) | ८३००७ | ८८९९० | ७.२ |
| ऊन (के.जि.) | १९७७२ | १९३३६ | -२.२ |
| माछा उत्पादन (मे.टन) | ५९४८ | ६२३२ | ४.८ |

*स्रोत : अध्ययन क्षेत्रका भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र*


समीक्षा अवधिमा यस प्रदेशको दुध उत्पादनमा मोरङ जिल्लाको अंश सबैभन्दा बढी ३२.४ प्रतिशत रहेको छ भने ताप्लेजुङ जिल्लाको अंश सबैभन्दा कम १.१ प्रतिशत रहेको छ । मासु उत्पादनमा मोरङ जिल्लाको अंश सबैभन्दा बढी २९.२ प्रतिशत रहेको छ भने ताप्लेजुङ जिल्लाको अंश सबैभन्दा कम २.५ प्रतिशत रहेको छ । अण्डा उत्पादनमा मोरङ जिल्लाको अंश सबैभन्दा बढी ४२ प्रतिशत रहेको छ भने ओखलढुङ्गा जिल्लाको अंश सबैभन्दा कम ०.७ प्रतिशत रहेको छ । त्यसैगरी, ऊन तथा माछा उत्पादनमा क्रमशः सोलुखुम्बु र मोरङ जिल्लाको अंश सबैभन्दा बढी ३४.१ र ४६.९ प्रतिशत रहेको छ ।

## ३.४ वनजन्य उत्पादन

आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा काठको उत्पादन १ करोड ४ लाख १४ हजार १५४ क्युविक फिट रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ११.९ प्रतिशतले कम हो । समीक्षा अवधिमा दाउरा उत्पादन १०.६ प्रतिशतले घटेको छ भने औषधिजन्य जडीबुटी र अन्य वनजन्य उत्पादन क्रमशः २६.१ र ४.० प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा काठको उत्पादन २३.२ प्रतिशतले वृद्धि भएको थियो भने दाउरा, औषधिजन्य जडीबुटी र अन्य वनजन्य उत्पादन क्रमशः ३ प्रतिशत, ५.७ प्रतिशत र २५.३ प्रतिशतले घटेको थियो ।

आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा कोशी प्रदेशका विभिन्न पहाडी जिल्लाहरुमा निजी आवादीको काठको स्रोतमा कमी, बसाइँसराईको दर तीव्र रहेको, वनजन्य उत्पादनको बजार मूल्य निर्धारणमा उत्पादकको पहुँच नहुने, भौगोलिक विकटताले गर्दा संकलनमा समस्या आदि कारणले काठ तथा दाउराको उत्पादन घटेको देखिन्छ भने बजारमा अर्गेली, धसिङ्गरे, चिराइतो, मजिठो जस्ता औषधिजन्य उत्पादनको मागमा आएको वृद्धि तथा अन्य वनजन्य उत्पादनतर्फ निकासी हुने मुख्य वन पैदावरको रुपमा रहेको रुद्राक्ष दानाको भारत तथा चीनतर्फ हुने निकासीको मागमा भएको वृद्धिले अन्य वनजन्य वस्तुको उत्पादन बढेको देखिन्छ ।

**चार्ट ३.३ : कोशी प्रदेशमा काठ उत्पादनको जिल्लागत अवस्था**




*स्रोत: अध्ययन क्षेत्रका डिभिजन वन कार्यालय*

## ३.५ सिँचाई तथा मौसम

कोशी प्रदेशमा कुल खेतीयोग्य क्षेत्रफल ७ लाख ७९ हजार ५ सय ८४ हेक्टर रहेकोमा समीक्षा अवधिमा ६ लाख ९० हजार ४ सय ६ हेक्टर क्षेत्रफलमा खेती गरिएको छ। कुल खेतीयोग्य क्षेत्रफलमा मोरङ जिल्लाको अंश सबैभन्दा बढी १५ प्रतिशत र ओखलढुङ्गा जिल्लाको अंश सबैभन्दा कम ३.१ प्रतिशत रहेको छ।


२०८१ पुस मसान्तसम्म कोशी प्रदेशको कुल ३ लाख १८ हजार २ सय ९७ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ जुन कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा ४०.८ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल खेतीयोग्य क्षेत्रफलको ४०.५ प्रतिशत भागमा यस्तो सुविधा पुगेको थियो। जिल्लाको कुल खेतीयोग्य क्षेत्रफल मध्ये सुनसरी जिल्लामा सबैभन्दा बढी ८६ प्रतिशत र सोलुखुम्बु जिल्लामा सबैभन्दा कम १ प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुगेको छ।

**तालिका ३.३ : कोशी प्रदेशमा सिँचाइको जिल्लागत अवस्था**

| जिल्ला | कुल खेतीयोग्य क्षेत्रफल(हे.) | खेती गरिएको क्षेत्रफल(हे.) | कुल सिँचित क्षेत्रफल(हे.) | कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा सिञ्चित क्षेत्रफल (%) | कुल खेतीयोग्य क्षेत्रफल अंश |
|---|---|---|---|---|---|
| सुनसरी | ८१७५६ | ७४३५३ | ७०३१६ | ८६.० | १०.५ |
| उदयपुर | २८१६२ | २५७९४ | २१६४० | ७६.८ | ३.६ |
| मोरङ | ११६९५६ | १०७५९९ | ८३३३४ | ७१.३ | १५.० |
| झापा | ९८७१६ | ९०००० | ५५९९३ | ५६.७ | १२.७ |
| संखुवासभा | ३१५९६ | ३०६०० | १५४०३ | ४८.७ | ४.१ |
| ताप्लेजुङ | २७५५१ | २२५०० | ११२०१ | ४०.७ | ३.५ |
| खोटाङ | ५४७०१ | ५११६५ | १८७६३ | ३४.३ | ७.० |
| पाँचथर | ६०२५७ | ५१५१९ | १३७४२ | २२.८ | ७.७ |
| तेह्रथुम | ३७२८२ | ३०७२९ | ६६७३ | १७.९ | ४.८ |
| धनकुटा | ४०७२३ | २८०९५ | ६७३६ | १६.५ | ५.२ |
| इलाम | ७०३३० | ६३२९७ | ९४५३ | १३.४ | ९.० |
| भोजपुर | ६२२९९ | ५६८८० | ३१०६ | ५.० | ८.० |
| ओखलढुङ्गा | २३८७० | १७२४४ | १४७३ | ६.२ | ३.१ |
| सोलुखुम्बु | ४५३८५ | ४०६३१ | ४६५ | १.० | ५.८ |
| **जम्मा** | **७७९५८४** | **६९०४०६** | **३१८२९७** | **३५.५** | **१००.०** |

*स्रोत: जिल्लास्थित कृषि ज्ञान केन्द्र र जलश्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय*

**चार्ट ३.४ : कोशी प्रदेशमा सिँचाईका स्रोतहरुको अवस्था**





*स्रोत: अध्ययन क्षेत्रका जलस्रोत तथा सिँचाई डिभिजन कार्यालय ।*

अघिल्लो आर्थिक वर्षको पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा कुलोबाट सिञ्चित क्षेत्रफल १.४ प्रतिशत, नहरबाट सिञ्चित क्षेत्रफल ०.४ प्रतिशत, पोखरीबाट सिञ्चित क्षेत्रफल १.१ प्रतिशत, र बोरिङबाट सिञ्चित क्षेत्रफल ०.१ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुलो, नहर, पोखरी र बोरिङ्गबाट सिञ्चित क्षेत्रफल क्रमशः ०.६ प्रतिशत, ०.४ प्रतिशत, १.२ प्रतिशत र ०.२ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफलमा कुलो, नहर, बोरिङ्ग तथा पोखरीको योगदान क्रमशः ४२.९ प्रतिशत, ३८.० प्रतिशत, १५.३ प्रतिशत र ३.८ प्रतिशत रहेको छ ।

## ३.६ क्षेत्रगत कृषि कर्जा

२०८१ असार मसान्तको तुलनामा २०८१ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट कोशी प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा ५.०२ प्रतिशतले कमी भई रु.५६ अर्ब ९० करोड रहेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ६.१ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा कोशी प्रदेशमा रु.५ खर्ब ८५ अर्ब बराबर कुल कर्जा प्रवाह भएकोमा कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश ९.७ प्रतिशत रहेको छ । २०८१ असार मसान्तमा कुल कर्जामा यस्तो कर्जाको अंश १०.८ प्रतिशत रहेको थियो ।


**चार्ट ३.५ : क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था**




*स्रोत: नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

२०८१ पुस मसान्तसम्म कृषि कर्जाका विभिन्न शीर्षकहरुमा प्रवाहित कर्जा मध्ये अन्य कृषि तथा कृषिजन्य सेवामा प्रवाहित कर्जाको अंश सबैभन्दा बढी २७.६ प्रतिशत रहेको छ । यसैगरी, २०८१ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रसँग सम्बन्धित विभिन्न शीर्षकहरुमा जिल्लागत रुपमा प्रवाहित कर्जामध्ये मोरङ जिल्लामा सबैभन्दा बढी रु.१९ अर्ब ४२ करोड (३४.१ प्रतिशत) र सोलुखुम्बु जिल्लामा सबैभन्दा कम रु.३५ करोड ३९ लाख (०.६ प्रतिशत) रहेको छ । २०८० पुस मसान्तको तुलनामा समीक्षा अवधिमा कृषि क्षेत्रमा प्रवाहित कर्जा ०.९ प्रतिशतले घटेको छ भने सो अवधिमा जिल्लागत रुपमा सोलुखुम्बु जिल्लामा सबैभन्दा बढी २५.८ प्रतिशतले कृषि कर्जामा वृद्धि भएको छ । साथै, ताप्लेजुङ जिल्लामा सबैभन्दा बढी १५.२ प्रतिशतले कृषि कर्जा घटेको छ ।

**चार्ट ३.६ : जिल्लागत कृषि कर्जा प्रवाहको अवस्था**




*स्रोतः नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१ चुनौतीहरु

१. कृषि उपजहरुको बजार सुनिश्चित गरी कृषकहरुको उत्पादन र उत्पादकत्व क्षमता अभिवृद्धि गर्न उनीहरुलाई कृषि तालिम, आधुनिक कृषि प्रविधि तथा औजारहरुको (थ्रेसर, हार्भेस्टर, ट्र्याक्टर) उपलब्धता सुनिश्चित गर्नु ।

२. कृषिलाई प्राथमिकतामा राखी यस क्षेत्रको व्यावसायिकरण र बजारीकरण गर्दै युवाहरुलाई यस क्षेत्रमा आकर्षित गर्नु ।

३. व्यवसायिक कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणका लागि उन्नत प्रविधिको प्रयोग र व्यवसाय विस्तारका लागि अधिकतम किसानहरुको पहुँच पुग्ने गरी बैंक तथा वित्तीय संस्थामार्फत सर्वसुलभ रूपमा कर्जा उपलब्ध गराई ब्याज अनुदान उपलब्ध गराउनु ।

४. कृषि उद्योगको स्थापना र करार तथा सहकारी खेतीमार्फत कृषिलाई औद्योगिकीकरण गरी उत्पादकले आफ्नो मूल्य निर्धारण गर्नसक्ने वातावरणको सिर्जना गर्नु ।

५. पशुपन्छी तथा माछाजन्य उत्पादनको बजार पर्याप्त भएको तर बजारमा बिचौलियाहरुको उपस्थिति तथा तराईका जिल्लाहरुमा खुल्ला सिमानाका कारण कृषकहरुले आफ्नो उत्पादनको उचित मूल्य नपाउने हुनाले पशुजन्य उत्पादनको बजार सुनिचिश्त गरी उत्पादनको उचित मूल्य निर्धारण गर्नु ।

६. यस प्रदेशमा कुल खेतीयोग्य क्षेत्रफलको करिब ४१ प्रतिशत भुभागमा मात्र सिँचाई सुविधा पुगेको हुँदा सम्पूर्ण खेतीयोग्य क्षेत्रफलमा सिँचाई सुविधा उपलब्ध गराउनु ।

७. पहाडी क्षेत्रमा सिँचाई सुविधा नपुगेका सम्भाव्य टार/बेँसीहरूमा लिफ्ट प्रविधिमार्फत सिँचाई सुविधा उपलब्ध गराउनु ।

**३.७.२ सम्भावनाहरु**

१. यस प्रदेशले कृषि उत्पादनको मुख्य आधारशिलाको रूपमा रहेको माटोको गुणस्तर सुधारका लागि विभिन्न स्थानीय तहहरूमा स्थलगत रूपमा घुम्ती माटो शिविर सञ्चालन गरी अस्वस्थ माटोको सुधारको लागि कृषि चुन र हरियो मलको प्रयोग प्रवर्द्धन गरेकाले कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि हुने ।

२. प्रदेश सरकारले स्थानीय सम्भाव्यता तथा बजार सम्भाव्यताका आधारमा व्यावसायिक रूपमा फलफूल, चिया, कफी, मह तथा गाईभैंसी, बाख्रा चौरी लगायतका अन्य पशुपन्छीजन्य उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण प्रवर्द्धन गर्न स्थानीय निकायसँगको समन्वयमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेकाले कृषि तथा पशुपन्छीजन्य उत्पादनमा वृद्धि भई यस क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि हुने ।

३. स्थानीय कृषि फार्महरूबाट उत्पादन भएका High Value Crop हरूलाई ठुला सुपरमार्केटहरूले बिक्री वितरण गरिदिने हुनाले सो प्रति किसानहरूको आकर्षण बढ्दै गइरहेका कारण यस्ता वस्तुहरुको उत्पादनमा वृद्धि हुने ।

४. यस प्रदेशका ७ वटा जिल्लाहरूमा भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र विस्तार भई १४ वटै जिल्लामा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको स्थापना भएकाले पशुपन्छीमा लाग्ने विभिन्न रोगहरूमा न्यूनीकरण भई पशुजन्य उत्पादनमा वृद्धि हुनसक्ने ।

५. प्रदेश सरकारले महामारीजन्य रोगहरू खोरेत, पि.पि.आर., स्वाइन फिवर, रानिखेत, लम्पी स्किन रोग विरूद्ध खोप अभियान चलाएकाले दुग्धजन्य पदार्थको उत्पादनमा वृद्धि हुने ।

६. यस प्रदेशका विभिन्न जिल्लाहरुमा साना किसान लक्षित सुख्खा राहत स्यालो ट्यूबवेल सिँचाई विशेष कार्यक्रम नमुना आयोजनाको रूपमा सञ्चालन गरिने भएको हुँदा सिञ्चित क्षेत्रफलमा विस्तार हुने ।


# परिच्छेद ४ : उद्योग क्षेत्र

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

### ४.१.१ उद्योगको क्षमता उपयोग

आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा यस प्रदेशका नमुना छनोटमा समेटिएका ४३ वटा उद्योगहरुको औसत क्षमता उपयोग ४८.६ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा उक्त उद्योगहरुको औसत क्षमता उपयोग ४१.७ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा विशेषगरी भटमासको तेल, कच्चा छाला, इँट्टा, तोरीको तेल, आदि उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोगमा वृद्धि भएकाले उद्योगहरुको औसत क्षमता उपयोगमा समेत केही वृद्धि भएको देखिन्छ ।

**चार्ट ४.१ : उद्योगहरुको क्षमता उपयोगको अवस्था (प्रतिशतमा)**





*स्रोत: अध्ययन क्षेत्रका उद्योगहरु*

समीक्षा अवधिमा सबैभन्दा बढी क्षमता उपयोग गर्ने उद्योगहरु क्रमशः भटमासको तेल, टायर तथा ट्युब, गार्मेण्ट चाउचाउ, प्रशोधित चिया उत्पादन गर्ने समूहका उद्योगहरु रहेका छन् भने कम क्षमता उपयोग गर्ने उद्योगहरु घरेलु धातुका सामान, वनस्पती घिउ, सिमेण्ट, कच्चा छाला उत्पादन गर्ने समूहका उद्योगहरु रहेका छन् । भटमासको तेल उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा बढी १०७.१ प्रतिशत रहेको छ भने घरेलु धातुका सामान उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम ४.३ प्रतिशत रहेको छ । औसतमा ५० प्रतिशत वा सो भन्दा बढी क्षमता उपयोग गर्ने उद्योग समूहहरु १२ वटा रहेका छन् भने ५० प्रतिशत भन्दा कम क्षमता उपयोग गर्ने उद्योग समूहहरूको संख्या १३ वटा रहेको छ ।

### ४.१.२ उद्योगहरुको उत्पादन वृद्धिदरको अवस्था

आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा भटमासको तेल उत्पादन सबैभन्दा बढी ६४१.०५ प्रतिशतले वृद्धि भएको छ भने घरेलु धातुका सामान उत्पादन सबैभन्दा बढी ७९.५३ प्रतिशतले घटेको छ । गत आर्थिक वर्षको पहिलो ६ महिनामा भटमास तेलको उत्पादन क्षमताको १४.५ प्रतिशत रहेकोमा समीक्षा अवधिमा उत्पादन क्षमताको १०७.१ प्रतिशतमा उद्योगहरु सञ्चालनमा रहेको पाइयो । विगतमा भटमास तेलको निर्यात भारतीय बजारमा बन्द रहेकोमा समिक्षा अवधिमा भारतीय बजारमा निर्यात भइरहेकाले उत्पादन क्षमता भन्दा पनि बढीमा उद्योगहरु सञ्चलानमा रहेको देखिन्छ । त्यसैगरी घरेलु धातुका सामानहरुको न्यून माग  तथा भारतीय बजारमा उक्त सामानहरु सस्तोमा पाईने कारणले निरन्तर घरेलु धातुका सामानहरु उत्पादन घट्दै गएको देखिन्छ ।

**चार्ट ४.२ : उद्योगहरुको उत्पादन वृद्धिदरको अवस्था (प्रतिशतमा)**




*स्रोत :अध्ययन क्षेत्रका उद्योगहरु*

अघिल्लो वर्षको पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा भटमासको तेल ६४१.१ प्रतिशत, कच्चा छाला उत्पादन १४३.१ प्रतिशत, इँट्टा उत्पादन ८७.५ प्रतिशत, तोरीको तेल उत्पादन ३९.३ प्रतिशत, प्रशोधित दुध उत्पादन ३०.६ प्रतिशत, फलामे छड, पत्ति तथा सामानहरुको उत्पादन २३.१ प्रतिशत, चाउचाउ उत्पादन १६.७ प्रतिशत, गार्मेण्ट उत्पादन १३.२ प्रतिशतले वृद्धि भएको छ भने घरेलु धातुका सामानको उत्पादन ७९.५ प्रतिशत, जि.आई तार उत्पादन ६०.२ प्रतिशत, साबुन २७.२ प्रतिशत, चिनी उत्पादन २५.९ प्रतिशत, सिमेण्टको उत्पादन २४.२ प्रतिशत, चप्पल उत्पादनमा १६.४ प्रतिशतले घटेको छ। अघिल्लो बर्षको सोही अवधिमा भारतीय बजारमा भटमासको तेल निर्यात बन्द रहेकोले आधार अवधिमा उत्पादन थोरै मात्रमा भएको देखिन्छ भने समीक्षा अवधिको शुरुवात देखि नै भटमासको तेल भारततर्फ निर्यात भइरहेकाले उत्पादनमा उल्लेखनीय वृद्धि भएको देखिन्छ। कच्चा छाला उत्पादन र इँट्टा उत्पादन गर्ने उद्योगहरुको आधार अवधिको उत्पादन अत्याधिक न्युन रहेका कारण समीक्षा अवधिमा उत्पादन परिमाणमा उल्लेखनीय वृद्धि नभएतापनि प्रतिशत परिवर्तन उच्च देखिन्छ। घरेलु धातुका सामानको बजारमा मागमा आएको अत्याधिक कमीका साथै आयातित घरेलु धातुका सामानको मूल्यसँग प्रतिस्पर्धा गर्न नसक्दा निरन्तर रुपमा उत्पादन घटेको देखिन्छ। मागमा आएको कमी तथा गत वर्षको मौज्दात बाँकी रहेका कारण जि.आई तार, साबुन, आदिको उत्पादन घटेको देखिन्छ। उखु उत्पादन कम हुनुका साथै रिकभरी दर पनि कम भएकोले चिनीको उत्पादन घटेको देखिन्छ भने ठुला आयोजनाहरुको निर्माणले गति लिन नसक्नुका साथै सार्वजनिक निर्माणमा आएको कमीका कारण सिमेण्टको उत्पादन घटेको देखिन्छ।

### ४.१.३ औद्योगिक क्षेत्रमा रोजगारीको अवस्था*

यस अध्ययनमा समेटिएका कोशी प्रदेशका ४३ वटा उद्योगहरुमा गत आ.व.२०८०/८१ को पहिलो ६ महिनामा १७,७२० जना श्रमिक कार्यरत रहेकोमा समीक्षा अवधिमा ती उद्योगहरुमा जम्मा १७,३६२ जना श्रमिक कार्यरत रहेका छन् जुन गत वर्षको सोही अवधिको तुलनामा २.० प्रतिशतले घटेको देखिन्छ। सुनसरी, मोरङ, झापा र उदयपुर जिल्लाका उद्योगहरुमा क्रमश: ०.९ प्रतिशत, २.७ प्रतिशत, ५.८ प्रतिशत र १८.४ प्रतिशत श्रमिकले रोजगारी गुमाएका छन् भने इलाम जिल्लाको रोजगारीको अवस्थामा कुनै परिवर्तन भएको देखिदैन।

समीक्षा अवधिमा औद्योगिक रोजगारीमा पुरुषको संख्या ६९.५ प्रतिशत र महिलाको संख्या ३०.५ प्रतिशत रहेको छ। अध्ययन क्षेत्रका उद्योगहरुमा कुल औद्योगिक रोजगारीको ९१.६ प्रतिशत श्रमिक स्वदेशी र ८.४ प्रतिशत श्रमिक विदेशी रहेका छन् । विशेष गरी फलामको छड, पत्ति तथा सामान, इँटा, धागो र जुटका सामान उत्पादन गर्ने उद्योगहरूमा तुलनात्मक रुपमा अन्य उद्योगहरूमा भन्दा बढी अनुपातमा विदेशी कामदारहरूलाई रोजगारी प्रदान गरिएको देखिन्छ ।

**तालिका ४.१: जिल्लागत रुपमा औद्योगिक रोजगारीको अवस्था**

| जिल्लाको नाम | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | परिवर्तन | परिवर्तन प्रतिशत |
|---|---|---|---|---|
| सुनसरी | ९९३४ | ९८४१ | -९३ | -०.९ |
| मोरङ | ६८७६ | ६६८९ | -१८७ | -२.७ |
| झापा | ४८१ | ४५३ | -२८ | -५.८ |
| उदयपुर | २७२ | २२२ | -५० | -१८.४ |
| इलाम | १५७ | १५७ | ० | ०.० |
| **जम्मा** | **१७७२०** | **१७३६२** | **-३५८** | -२.० |

*स्रोत : अध्ययन क्षेत्रका उद्योगहरु*
******अध्ययन क्षेत्रका उद्योगहरूमा रोजगारीको अवस्था ।*

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०८१ असार मसान्तको तुलनामा २०८१ पुस मसान्तमा कोशी प्रदेशमा प्रवाहित कुल औद्योगिक कर्जा ५.६ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ४७ अर्ब ४७ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त कर्जा रु.१ खर्ब ३९ अर्ब ६६ करोड रहेको थियो । २०८१ असार मसान्तको तुलनामा २०८१ पुस मसान्तमा विद्युत, ग्यास तथा पानी सम्बन्धी उत्पादन गर्ने उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी १४.४ प्रतिशतले वृद्धि भएको हुँदा समग्र औद्योगिक कर्जा बढेको देखिन्छ भने खानी सम्बन्धी क्षेत्रमा प्रवाह भएको कर्जा सबैभन्दा बढी १६.१ प्रतिशतले घटेको छ ।

**तालिका ४.२ : औद्योगिक कर्जाको क्षेत्रगत अवस्था**

| क्षेत्र | समीक्षा अवधिको अवस्था (रु. करोडमा) | | | २०८० पुस मसान्तमा औद्योगिक कर्जाको अंश | २०८१ पुस मसान्तमा औद्योगिक कर्जाको अंश |
|---|---|---|---|---|---|
| | २०८१ असार मसान्त | २०८१ पुस मसान्त | प्रतिशत परिवर्तन | | |
| खानी सम्बन्धी | ६५.४ | ५४.८ | -१६.१ | ०.७ | ०.४ |
| कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी | ४७००.२ | ४९३३.७ | ५.० | ३४.८ | ३३.५ |
| गैरखाद्य वस्तु उत्पादन सम्बन्धी | ७३८७.८ | ७८७८.० | ६.६ | ५१.८ | ५३.४ |
| निर्माण | ९४३.६ | ९८०.४ | ३.९ | ६.५ | ६.६ |
| विद्युत, ग्यास तथा पानी | ८०.८ | ९२.५ | १४.४ | ०.५ | ०.६ |
| धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक | ७८८.३ | ८०७.८ | २.५ | ५.७ | ५.५ |
| **जम्मा** | **१३९६६.१** | **१४७४७.२** | **५.६** | **१००.०** | **१००.०** |

*स्रोतः नेपाल राष्ट्र बैंक*

औद्योगिक कर्जामध्ये सबैभन्दा ठुलो अंश गैरखाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगको ५३.४ प्रतिशत र सबैभन्दा कम अंश खानी सम्बन्धी उद्योगको ०.४ प्रतिशत रहेको छ ।

## बक्स : १ हाम्रो उन्नत प्राङ्गारिक मल उद्योग

वैदेशिक रोजगारीबाट कमाएको रु.२५ लाख लगानी गरी सञ्जिब खड्काले मोरङ जिल्लाको उर्लाबारीमा वि.सं.२०७७ मा आमा कृषि फर्म दर्ता गरेर गाई र बाख्रापालन व्यवसाय सुरु गर्नुभयो । फर्म सञ्चालनका लागि उहाँले कृषि ज्ञान केन्द्र मोरङबाट रु.५० लाख नगद अनुदान समेत प्राप्त गर्नु भयो । कृषि फर्मबाट मात्रै मनग्ये आम्दानी गर्न नसकिने देखेर आफ्नै फर्ममा रहेको गाईको गोबर र बाख्राको जुतो प्रयोग गरी वि.सं.२०८० भदौमा घरेलु तथा साना उद्योगमा दर्ता गरी हाम्रो उन्नत प्राङ्गारिक मल उद्योग सुरु गर्नुभयो ।






दुबई, कतार र कुवेतमा गरी वैदेशिक रोजगारीमा १६ वर्ष बिताउनु भएका खड्का दम्पतीले छोरा छोरी पनि उतै लगिसक्नुभएको थियो । वैदेशिक रोजगारीमा रहँदा गर्नु भएको विभिन्न अध्ययन तथा तालिमबाट प्राप्त ज्ञानलाई स्वदेशमा नै उपयोग गर्न त्यहाँ भइरहेको राम्रो आम्दानीलाई छाडेर नेपालमा प्राङ्गारिक मल उत्पादन गर्ने निधो गर्नु भयो । नेपाली किसानलाई रासायनिक मलबाट प्राङ्गारिक मलतर्फ आकर्षण गर्न सके देशको माटो तथा अर्गानिक कृषिजन्य उत्पादनबाट आम नागरिकको स्वास्थ्य समेत बचाउन सकिन्छ भन्ने उद्देश्यले उद्योगको स्थापना भएको देखिन्छ । कुल रु.१ करोड ५० लाख रुपैयाँ लगानी गरी स्थापना गरेको यस उद्योगको दैनिक १६ टन उत्पादन क्षमता रहेकोमा हाल उद्योगको क्षमता उपयोग करिब २० प्रतिशत मात्र रहेको देखिन्छ । उद्योगले झापाको दमक नगरपालिका, मोरङको रतुवामाई तथा उर्लाबारी नगरपालिका भित्रका किसान तथा कृषि फर्मबाट गाईबस्तुको गोबर, सुली तथा अन्य कुहिने वस्तुहरू तथा स्थानिय मिलहरूबाट पिना खरिद गरी विभिन्न पाँच प्रकारका धुलो र दाना मल उत्पादन गरी बिक्री गर्दै आएको छ । आ.व. २०८०/८१ मा रु.५८ लाख ५५ हजार कुल बिक्री गरी रु.४ लाख १८ हजार नाफा कमाएको उद्योगले १५ जनालाई रोजगारी प्रदान गरेको छ । चालु आर्थिक वर्ष २०८१/८२ मा यस उद्योगसँग कोशी प्रदेश कृषि मन्त्रालयले १५० मे.टन र उर्लावारी नगरपालिकाले २५ मे.टन प्राङ्गारिक मल खरिद सम्झौता गरेको देखिन्छ ।

रासायनिक मलमा सरकारी अनुदानका कारण प्राङ्गारिक मलको तुलनामा सस्तो हुनुका साथै पर्याप्त मात्रामा प्राङ्गारिक मलको उपलब्धता नहुँदा किसानहरुले रासायनिक मलको प्रयोग गरेको देखिन्छ । यसको असन्तुलित प्रयोगले माटोको उर्वराशक्ति कम भइरहेको अवस्थामा प्राङ्गारिक मल उद्योगहरूलाई पनि सहुलियत तथा अनुदान प्रदान गरी किसानहरूलाई सर्वसुलभ मूल्यमा मल उपलब्ध गराउनुका साथै किसानहरुमा चेतना अभिवृद्धि गर्न सके आगामी दिनमा प्राङ्गारिक मलको प्रयोग बढाउन सकिने देखिन्छ । कृषि ज्ञान केन्द्र तथा अन्य सरकारी निकायहरुले किसानलाई प्राङ्गारिक मलको प्रयोगबाट हुने फाइदा यसको महत्व, उपयोगिता तथा यसले माटो स्वास्थ्यमा पुऱ्याउने योगदानका बारेमा जानकारी गराउनुका साथै कृषि अनुदान कार्यक्रममा पनि प्राङ्गारिक मलको प्रयोग गर्ने किसानलाई प्राथमिकता दिनु उपयुक्त हुने देखिन्छ ।

*स्रोत : स्थलगत सर्वेक्षण, तस्बिर : सञ्जिब खड्का*

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### ४.३.१ चुनौतीहरू

१. पहाडी क्षेत्रमा रहेका स्थानीय उत्पादनहरु प्रशोधन गर्ने उद्योगहरुसम्म सडक पूर्वाधारको पहुँच विस्तार गर्नु ।

२. युवा जनशक्तिको विदेश पलायन रोक्नु तथा औद्योगिक क्षेत्रमा दक्ष जनशक्तिको आपूर्ति सुनिश्चित गर्नु ।

३. नेपालमा उत्पादन भएका निर्यातयोग्य वस्तुहरुको अन्तर्राष्ट्रिय बजार सुनिश्चत गर्नु । साथै, आन्तरिक मागमा वृद्धि गरी उद्योगहरुको क्षमता उपयोगमा सुधार गर्नु ।

४. औद्योगिक क्षेत्रमा विद्युत आपूर्ति सुनिश्चित गर्नु ।

### ४.३.२ सम्भावनाहरू

१. ठुला कृषिफर्महरु सञ्चालनमा आउने क्रम बढेसँगै कच्चा पदार्थको आपूर्ति सुनिश्चित हुन गई कृषिजन्य उत्पादन प्रशोधन गर्ने उद्योगहरुको स्थापना हुन सक्ने ।

२. नेपालबाट भारतमा निर्यात हुने विभिन्न १० खाद्य समूह अन्तर्गत पर्ने वस्तुको गुणस्तर परीक्षणलाई भारतले पारस्परिक मान्यता दिने भएकोले सो समूह अन्तर्गत पर्ने वस्तुको उत्पादन र निर्यातमा वृद्धि हुन सक्ने ।

३. कोशी प्रदेश सरकारले शिक्षक तथा कर्मचारीहरुको पोशाकमा ढाका कपडा अनिवार्य गर्ने योजनाले ढाका कपडा उद्योगहरुको संरक्षण र प्रवर्द्धन हुने ।

४. बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य रकम पर्याप्त हुनका साथै बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने कर्जाको व्याजदरमा कमी आएसँगै मागमा वृद्धि भई औद्योगिक उत्पादन बढ्न सक्ने ।

५. यस क्षेत्रबाट बंगलादेश र भुटान निर्यातको सम्भावना पहिचान भएका वस्तुहरूको निर्यातको लागि पहल गर्न सके उद्योगको उत्पादन र निर्यातमा उल्लेखनीय मात्रामा वृद्धि हुने ।

# परिच्छेद ५: सेवा क्षेत्र

## ५.१ पर्यटन

### ५.१.१ होटल तथा लज [$]

आर्थिक वर्ष २०८१/८२ को पहिलो छ महिनामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कोशी प्रदेशमा बाह्य पर्यटकको आगमनमा ४५.५ प्रतिशतले वृद्धि भएको देखिन्छ । भारतीय पर्यटकको संख्यामा आएको वृद्धिका कारण पर्यटकको आगमनमा उल्लेखनीय वृद्धि भएको देखिन्छ। समीक्षा अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भारतबाट आउने पर्यटकको संख्या ५३ प्रतिशत र तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या ३९.५ प्रतिशतले बढेको छ भने चीनबाट आउने पर्यटकको संख्या ३१.१ प्रतिशतले घटेको छ ।

समीक्षा अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा छनोट भएका होटलको शैया संख्या १५.६ प्रतिशतले बढेको छ भने होटलहरुको औसत अकुपेन्सी दर ५३.३ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो अकुपेन्सी दर ५५.४ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा पर्यटकस्तरीय होटल व्यवसायमा थप १३.३ प्रतिशतले रोजगारी प्राप्त गरेका छन् । गत वर्षको सोही अवधिमा ५.१ प्रतिशतले रोजगारीमा वृद्धि भएको थियो । हाल कोशी प्रदेशमा ३ वटा पाँच तारे होटलहरु सञ्चालनमा रहेका छन् ।

### ५.१.२ हवाई सेवा

आर्थिक वर्ष २०८१/८२ को पहिलो छ महिनामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कोशी प्रदेशमा समग्र जहाज उडान संख्या १.२ प्रतिशतले कमी आएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त संख्या ७.४ प्रतिशतले घटेको थियो । त्यसैगरी, समीक्षा अवधिमा यस प्रदेशका विमानस्थलबाट उडान भर्ने यात्रुको संख्या २.१ प्रतिशतले बढेको देखिन्छ । अघिल्लो वर्षको सोही अवधिमा यात्रु संख्या ५.८ प्रतिशतले घटेको थियो ।

**तालिका ५.१ : कोशी प्रदेशमा हवाई उडान संख्या तथा यात्रु संख्याको अवस्था**

| विवरण | अवधि | | | वृद्धिदर | |
|---|---|---|---|---|---|
| | आ.व. २०७९/८० (साउन-पुस) | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) |
| **हवाई जहाजको उडान संख्या** | | | | | |
| आगमन संख्या | १४०९४ | १३०५२ | १२८९८ | -७.४ | -१.२ |
| निर्गमन संख्या | १४०८८ | १३०५६ | १२९०० | -७.३ | -१.२ |
| **जम्मा** | **२८१८२** | **२६१०८** | **२५७९८** | **-७.४** | **-१.२** |
| **यात्रु संख्या** | | | | | |
| आगमन संख्या | ३०३३२७ | २९०९८० | २९७३९४ | -४.१ | २.२ |
| निर्गमन संख्या | ३२६९६८ | ३०२५३५ | ३०८५५६ | -७.५ | २.० |
| **जम्मा** | **६३०२९५** | **५९३५१५** | **६०५९५०** | **-५.८** | **२.१** |


*स्रोत: नेपाल नागरिक उड्डयन प्राधिकरण*

[$] *लगानी, सुविधा र सेवाको स्तरका आधारमा नमुना छनोट गरिएका कोशी प्रदेशका १० वटा पर्यटकस्तरीय होटल बाट प्राप्त विवरण तथा तथ्याङ्कको आधारमा विश्लेषण गरिएको ।*

### ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा घरजग्गा रजिष्ट्रेसन संख्या ८.४ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा यस्तो संख्या ३२.९ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेसन वापतको राजस्वमा १० प्रतिशतले वृद्धि भई रु.१ अर्ब ३१ करोड ६६ लाख राजस्व परिचालन भएको छ । गत वर्षको सोही अवधिमा यस्तो राजस्वमा १६.१ प्रतिशतले वृद्धि भई रु.१ अर्ब १९ करोड ६५ लाख राजस्व परिचालन भएको थियो । समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या १० प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा यस्तो संख्या ६.७ प्रतिशतले घटेको थियो ।

**चार्ट ५.१ : घरजग्गा कारोवारको अवस्था**




*स्रोतः अध्ययन क्षेत्रका मालपोत कार्यालय तथा महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका*

**बक्स २ : मुन्दुम पदमार्ग**

आन्तरिक तथा बाह्य पर्यटनलाई आकर्षित गर्ने उदेश्यले कोशी प्रदेशको भोजपुर जिल्लामा अवस्थित मुन्दुम पदमार्गको निर्माण कार्य नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश सरकार तथा सम्बन्धित स्थानीय सरकार तथा हेलभिटास स्वीस इन्टरकोपरेशन र सोलिमार इन्टरनेशनलको प्राविधिक सहयोगमा चलिरहेको छ । यो पदमार्ग नेपाल सरकारले पहिचान गरेको १०० वटा नयाँ पर्यटकीय गन्तव्य मध्येको एक हो ।





स्थानीय बासिन्दाहरूको आम्दानी वृद्धि गर्दै संस्कृतिको संरक्षणमा योगदान दिने लक्ष्य लिएको यस मुन्दुम पदमार्गको लम्बाई ८८ किलोमिटर रहेको छ। अनुमानित कुल लागत २३ करोड ७६ लाख रुपैयाँ रहेको यस आयोजनाको चालु आर्थिक वर्ष २०८१/८२ दोस्रो त्रयमाससम्मको वित्तीय प्रगति ९.१ प्रतिशत रहेको छ। चालु आर्थिक वर्षको चैत्र मसान्तसम्ममा आयोजनाको भौतिक प्रगति ५० प्रतिशत (वार्षिक लक्ष्यको) रहेको छ। आयोजनाको कार्यान्वयन निकायको रुपमा भोजपुर जिल्लाका सबै स्थानीय तह र उदयपुरको वेलका नगरपालिका तथा सुनसरीको बराहक्षेत्र नगरपालिका गरी जम्मा ११ वटा स्थानीय तहहरू रहेका छन्। यस आयोजनाको करिब ५० प्रतिशत भु-भाग भोजपुर जिल्लाको टेम्केमैयुङ गाउँपालिकामा पर्दछ।

आर्थिक वर्ष २०८१/८२ मा स्थानीय सांस्कृतिक वास्तुकलामा आधारित १० प्रतिशत होमस्टे/लज दर्ता गर्ने लक्ष्य रहेकोमा सम्बन्धित स्थानीय तहमा दर्ता गर्ने प्रकृया सम्बन्धि नीति तर्जुमाको क्रममा रहेकोले हालसम्म कुनै पनि होमस्टे/लज दर्ता भएका छैनन्। त्यसैगरी, चालु आर्थिक वर्षको अन्त्यसम्ममा ४,००० पर्यटकको आगमन रहने लक्ष्य रहेकोमा पुस मसान्तसम्ममा ३,००० पर्यटकले भ्रमण गरेको देखिन्छ। यस आयोजनाबाट ४० जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेको छन्।

*स्रोत : स्थलगत सर्वेक्षण, तस्बिर : Trail-based Tourism Development Project, TTDP*

## ५.३ वित्तीय सेवा

### ५.३.१ बैंक तथा वित्तीय संस्थाका शाखा संख्या

२०८१ पुस मसान्तसम्म कोशी प्रदेशमा वाणिज्य बैंकका ७६२, विकास बैंकका १९५, वित्त कम्पनीका ३६ तथा लघुवित्त वित्तीय संस्थाका ८५३ गरी जम्मा १,८४६ शाखाहरू रहेका छन्। यस मध्ये मोरङ जिल्लामा सबैभन्दा बढी ४५० शाखा र ताप्लेजुङ जिल्लामा सबैभन्दा कम ३९ शाखा रहेका छन्। त्यसैगरी, झापामा ३५०, सुनसरीमा ३३५, उदयपुरमा ११५, इलाममा ९७, धनकुटामा ८४, पाँचथरमा ६८, संखुवासभामा ६०, भोजपुरमा ५५, ओखलढुङ्गामा ५४, तेह्रथुममा ४९, खोटाङमा ४८ र सोलुखुम्बुमा ४२ वटा शाखा रहेका छन्। २०८१ असार मसान्तसम्म कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाका कुल १८३७ शाखाहरू रहेका थिए।

**तालिका ५.२ कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या**

| वर्ग | २०८१ असार मसान्त | २०८१ पुस मसान्त |
|---|---|---|
| वाणिज्य बैंक | ७५४ | ७६२ |
| विकास बैंक | १९५ | १९५ |
| वित्त कम्पनी | ३६ | ३६ |
| लघुवित्त वित्तीय संस्था | ८५२ | ८५३ |
| **जम्मा** | **१८३७** | **१८४६** |

*स्रोत : नेपाल राष्ट्र बैंक*

### ५.३.२ निक्षेप तथा कर्जा स्थिति

२०८१ असार मसान्तको तुलनामा २०८१ पुस मसान्तमा कोशी प्रदेशमा अवस्थित बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप परिचालन ३.०६ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ९२ अर्ब पुगेको छ। २०८० पुस मसान्तको तुलनामा २०८१ पुस मसान्तमा यस प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थामा रहेको कुल निक्षेपमा १२.३ प्रतिशतले वृद्धि भएको छ। पछिल्लो समय रेमिट्यान्स आप्रवाह, विद्युतीय कारोवारमा भएको वृद्धि, तथा बैंकिङ सेवा विस्तार भएकाले निक्षेप

परिचालन बढेको देखिन्छ । २०८० पुस मसान्तको तुलनामा २०८१ पुस मसान्तमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा १०.२ प्रतिशतले कमी भई रु.५ खर्ब ८६ अर्ब पुगेको छ ।

२०८१ असार मसान्तको तुलनामा २०८१ पुस मसान्तमा कुल कर्जा प्रवाहमा १.२ प्रतिशतले वृद्धि भएको छ । २०८१ पुस मसान्तसम्म प्रवाहित कुल कर्जामध्ये कृषि कर्जाको हिस्सा ९.७ प्रतिशत, औद्योगिक कर्जाको हिस्सा २५.२ प्रतिशत र सेवा क्षेत्रमा प्रवाहित कर्जाको हिस्सा ६५.१ प्रतिशत रहेको छ । २०८१ पुस मसान्तमा यस प्रदेशमा कर्जा निक्षेप अनुपात (CD Ratio) ११९.० प्रतिशत रहेको छ । अघिल्लो आ. व. को पुस मसान्तमा उक्त अनुपात १२१.२ प्रतिशत रहेको थियो।

**तालिका ५.३ : क्षेत्रगत कर्जाको अंश (प्रतिशत)**

| विवरण | २०८० पुस | २०८१ असार | २०८१ पुस |
|---|---|---|---|
| कृषि कर्जा | १०.८ | १०.४ | ९.७ |
| औद्योगिक कर्जा | २४.४ | २४.१ | २५.२ |
| सेवा कर्जा | ६४.८ | ६५.५ | ६५.१ |

*स्रोतः नेपाल राष्ट्र बैंक*

**तालिका ५.४ कोशी प्रदेशमा निक्षेप र कर्जाको जिल्लागत हिस्सा**

| जिल्ला | निक्षेप (रु.दश लाखमा) २०८१ | | | | कर्जा (रु.दश लाखमा) २०८१ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | असार मसान्तसम्म | पुस मसान्तसम्म | वृद्धिदर प्रतिशत | जिल्लागत हिस्सा | असार मसान्तसम्म | पुस मसान्तसम्म | वृद्धिदर प्रतिशत | जिल्लागत हिस्सा |
| ताप्लेजुङ | ७१९८.१ | ७२०४.८ | ०.०९ | १.४६ | २५३३.४ | २५२४.० | -०.३७ | ०.४ |
| संखुवासभा | १०५८७.१ | ११०४७.३ | ४.३५ | २.२४ | ५६२८.७ | ५५१०.३ | -२.१० | ०.९ |
| सोलुखुम्बु | १०५१३.१ | १०९१३.० | ३.८० | २.२२ | ३१३३.३ | ३१९३.१ | १.९१ | ०.५ |
| ओखलढुङ्गा | ७०४३.२ | ७१५९.७ | १.६५ | १.४५ | ४८१६.९ | ४७५४.८ | -१.२९ | ०.८ |
| खोटाङ | ७६३३.४ | ७८८४.६ | ३.२९ | १.६० | ३१८९.० | ३२३०.४ | १.३० | ०.६ |
| भोजपुर | ६६३७.५ | ६६६५.६ | ०.४२ | १.३५ | ३२५८.३ | ३१८९.५ | -२.११ | ०.५ |
| धनकुटा | १११८५.९ | ११७३७.४ | ४.९३ | २.३८ | ६४६१.१ | ६६५४.० | २.९९ | १.१ |
| तेह्रथुम | ६२४५.५ | ६५७८.१ | ५.३३ | १.३४ | २७७७.० | २८३५.० | २.०९ | ०.५ |
| पाँचथर | ९१९२.५ | ९३४९.६ | १.७१ | १.९० | ४४८०.३ | ४६६०.० | ४.०१ | ०.८ |
| इलाम | १८३३९.५ | १८६६०.२ | १.७५ | ३.७९ | २१८६३.९ | १०८७८.६ | -५०.२४ | १.९ |
| झापा | १०४६४४.४ | ११०१५३.६ | ५.२६ | २२.३७ | १२४७४३.३ | १३०९१२.६ | ४.९५ | २२.३ |
| मोरङ | १४९१८४.७ | १५१५३४.५ | १.५८ | ३०.७७ | २५४३१५.३ | २६५१२०.६ | ४.२५ | ४५.२ |
| सुनसरी | ११२८५१.८ | ११६६३९.४ | ३.३६ | २३.६८ | १२५१५९.४ | १२५३४१.५ | ०.१५ | २१.४ |
| उदयपुर | १६६४६.२ | १६९८७.८ | २.०५ | ३.४५ | १६५७६.८ | १७१९३.८ | ३.७२ | २.९ |
| **जम्मा** | **४७७,९०३** | **४९२,५१६** | **३.०६** | **१००.००** | **५७८,९३६.७** | **५८५,९९८.२** | **१.२२** | **१००.०** |

*स्रोतः नेपाल राष्ट्र बैंक*

### ५.३.३ अन्य वित्तीय विवरण

२०८१ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा परिचालन गरेको कुल निक्षेपमा चल्ती निक्षेपको अंश ५.९५ प्रतिशत, बचत निक्षेपको अंश ४८.५६ प्रतिशत, मुद्दती निक्षेपको अंश ३९.६३ प्रतिशत र अन्य निक्षेपको अंश ५.८६ प्रतिशत रहेको छ । २०८१ असार मसान्तमा कुल निक्षेपमा चल्ती निक्षेपको अंश ६.५३ प्रतिशत, बचत निक्षेपको अंश ४४.२७ प्रतिशत, मुद्दती निक्षेपको अंश ४३.१९ प्रतिशत र अन्य निक्षेपको अंश ६ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा चल्ती निक्षेप र मुद्दती निक्षेप रकम क्रमशः ६.२० प्रतिशत र ५.४४ प्रतिशतले घटेको छ भने बचत निक्षेप र अन्य निक्षेपको रकम क्रमशः १३.०६ प्रतिशत र ०.५२ प्रतिशतले बढेको छ । मुद्दती निक्षेपको व्याजदर गत बर्षको व्याजदर भन्दा कम रहेका कारण मुद्दती निक्षेप घटेको हो भने, विप्रेषणमा आएको वृद्धि तथा

बैंक तथा वित्तीय संस्था बाहेकका क्षेत्र प्रति मानिसहरुको घट्दो विश्वासका कारण बचत निक्षेपमा वृद्धि भएको देखिन्छ ।

**तालिका ५.५ कुल निक्षेपमा चल्ती, बचत तथा मुद्दती निक्षेपको संरचना (रु. दश लाखमा)**

| विवरण | गत अवधि | | समीक्षा अवधि | | वृद्धिदर प्रतिशत | | कुल निक्षेपमा योगदान २०८० पुस |
|---|---|---|---|---|---|---|---|
| | २०८० असार मसान्तसम्म | २०८० पुस मसान्तसम्म | २०८१ असार मसान्तसम्म | २०८१ पुस मसान्तसम्म | गत अवधि | समीक्षा अवधि | |
| **कुल निक्षेप** | **३६९९०७.२** | **३६९६५६** | **४७७९०३.१** | **४९२५१५.५** | **-०.०७** | **३.०६** | १०० |
| चल्ती | ३४३९९.७ | २८०५२.५ | ३१२२८.५ | २९२९१.१ | **-१८.४५** | **-६.२०** | ५.९५ |
| बचत | १५३५३१.५ | १४६०७९.२ | २११५६८.९ | २३९१९२.७ | **-४.८५** | **१३.०६** | ४८.५६ |
| मुद्दती | १५७६३८.९ | १७४६१५.१ | २०६४११.५ | १९५१८९.२ | **१०.७७** | **-५.४४** | ३९.६३ |
| अन्य | २४३३७.१ | २०९०९.२ | २८६९४.२ | २८८४२.५ | **-१४.०८** | **०.५२** | ५.८६ |

*स्रोत: नेपाल राष्ट्र बैंक*

यस प्रदेशमा २०८१ असार मसान्तको तुलनामा २०८१ पुस मसान्तमा निक्षेपकर्ताको संख्या ४.१ प्रतिशतले वृद्धि भई ७९ लाख ७२ हजार पुगेको छ भने ऋणीहरुको संख्या ०.८५ प्रतिशतले कमी भई ३ लाख ५ हजार पुगेको छ । बजारमा देखिएको शिथिलताका कारण कर्जाको मागमा कमी आएको र बढ्दो निष्क्रिय कर्जाले पुँजी पर्याप्ततामा देखिएको दबाबको कारणले बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्न नसकेका कारण ऋणीहरुको संख्यामा कमी आएको देखिन्छ ।

२०८१ असार मसान्तको तुलनामा २०८१ पुस मसान्तसम्म विपन्न वर्ग कर्जा २१.९८ प्रतिशतले कमी भई रु.४२ अर्ब ७९ करोड पुगेको छ । २०८० पुस मसान्तमा उक्त कर्जा रु.४५ अर्ब २५ करोड रहेको थियो । २०८१ पुस मसान्तसम्म कुल कर्जाको तुलनामा विपन्न वर्ग कर्जाको हिस्सा ७.३ प्रतिशत रहेको छ । २०८१ असार मसान्तको तुलनामा २०८१ पुस मसान्तमा सहुलियतपूर्ण कर्जा ३९.५ प्रतिशतले घटेर रु.११ अर्ब ९२ करोड पुगेको छ । २०८० पुसमसान्तमा उक्त कर्जा रु.३३ अर्ब ३८ करोड रहेको थियो । २०८१ पुस मसान्तमा कुल कर्जामा सहुलियतपूर्ण कर्जाको हिस्सा २.०३ प्रतिशत रहेको छ । यस प्रदेशमा २०८१ पुस मसान्तसम्म तोकिएको क्षेत्रमा प्रवाह भएको कुल कर्जा रु.१ खर्ब ९६ अर्ब २५ करोड ४२ लाख रहेको छ । तोकिएको क्षेत्रमा प्रवाह भएको कर्जा मध्ये कृषि क्षेत्रमा रु.९५ अर्ब ७५ करोड ४२ लाख, उर्जा क्षेत्रमा ४ करोड ११ लाख, साना तथा मझौला उद्योग क्षेत्रमा ९० अर्ब ८९ करोड ६८ लाख र पर्यटन क्षेत्र तर्फ ९ अर्ब १९ करोड १८ लाख रहेको छ ।

**तालिका ५.६ : कुल कर्जाको तुलनामा हिस्सा (प्रतिशत)**

| विवरण | २०८० पुस | २०८१ असार | २०८१ पुस |
|---|---|---|---|
| विपन्न वर्ग कर्जा | ८.२४ | ९.४८ | ७.३ |
| पुनरकर्जा | ०.०* | ०.००३ | ०.०* |
| सहुलियतपूर्ण कर्जा | ६.०८ | ३.४० | २.०३ |

*स्रोत: नेपाल राष्ट्र बैंक   * तथ्याङ्क प्राप्त नभएकोले*

**तलिका ५.७ : तोकिएको क्षेत्रमा प्रवाह भएको कर्जा**

| विवरण | आ.व. २०८१ पुस मसान्त (रु.दशलाखमा) |
|---|---|
| कृषि | ९५७५४.२ |
| उर्जा | ४११.४ |
| साना तथा मझौला उद्योग | ९०८९६.८ |
| पर्यटन | ९१९१.८ |
| **जम्मा** | १९६२५४.२ |

*स्रोत: नेपाल राष्ट्र बैंक*

**तालिका ५.८ : कोशी प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जाको शीर्षकगत बक्यौता रकमको विवरण** (रु.दश लाखमा)

| क्र.सं. | सहुलियतपूर्ण कर्जाको प्रकार | २०८१ असार मसान्त | २०८१ पुस मसान्त | वृद्धिदर | २०८१ पुस मसान्त (हिस्सा) |
|---|---|---|---|---|---|
| १ | कपडा उद्योग सञ्चालनका लागि कर्जा | ०.० | ०.० | ०.० | ०.० |
| २ | CTEVT बाट मान्यता प्राप्त संस्थाबाट दिइने तालिम | ०.० | ०.० | ०.० | ०.० |
| ३ | दलित समुदाय व्यवसाय विकास कर्जा | २७.४ | १४.५ | -४६.९ | ०.१ |
| ४ | भुकम्प प्रभावित निजी आवास निर्माण कर्जा | १.८ | १.४ | -२४.३ | ०.० |
| ५ | शिक्षित युवा स्वरोजगार कर्जा | १.३ | ०.८ | -४०.२ | ०.० |
| ६ | विदेशवाट फर्कका युवा परियोजना कर्जा | ५१.५ | ३६.८ | -२८.६ | ०.३ |
| ७ | उच्च र प्राविधिक/व्यावसायिक शैक्षिक कर्जा | १.३ | १.१ | -१७.७ | ०.० |
| ८ | व्यावसायिककृषि तथा पशुपन्छी कर्जा | १२८८७.८ | ८३२५.१ | -३५.४ | ६९.८ |
| ९ | महिला उद्यमशील कर्जा | ६७२२.९ | ३५४३.७ | -४७.३ | २९.७ |
| १० | युवावर्ग स्वरोजगार कर्जा | - | ०.० | ०.० | ०.० |
| | **जम्मा** | **१९६९३.९३** | **११९२३** | **-३९.५** | १०० |

*स्रोत: नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

२०८१ पुस मसान्तमा कोशी प्रदेशमा कुल ए.टि.एम संख्या ७११ पुगेको छ। यसमध्ये मोरङ जिल्लामा सबैभन्दा बढी २०८ वटा ए.टि.एम रहेका छन् भने ओखलढुङ्गा र खोटाङ जिल्लामा सबैभन्दा कम १०/१० वटा ए.टि.एम. रहेका छन्।

**तालिका ५.९ : कोशी प्रदेशमा निक्षेपकर्ता, ऋणी, बैंक शाखा र ए.टि.एम.को संख्याको जिल्लागत विवरण (२०८१ पुस मसान्तसम्म)**

| जिल्ला | निक्षेपकर्ताको संख्या | ऋणीहरूको संख्या | बैंक शाखा संख्या | ए.टि.एम संख्या |
|---|---|---|---|---|
| ताप्लेजुङ | १४७६५१ | ३१५८ | ३९ | ११ |
| संखुवासभा | १८६०४४ | ५५६१ | ६० | १५ |
| सोलुखुम्बु | १५१०३८ | ३३३७ | ४२ | १७ |
| ओखलढुङ्गा | १९४७०८ | ५९५१ | ५४ | १० |
| खोटाङ | १८२९७३ | ६०७३ | ४८ | १० |
| भोजपुर | १७५७३४ | ४६९० | ५५ | १३ |
| धनकुटा | २२८१५६ | ७६९५ | ८४ | २० |
| तेह्रथुम | १३०८६० | ४६८४ | ४९ | १२ |
| पाँचथर | २१८८९३ | ६२३० | ६८ | १८ |
| इलाम | ३९२९९७ | १२४१८ | ९७ | २८ |
| झापा | १७९६७९७ | ६८२६४ | ३५० | १५८ |
| मोरङ | २०१५८४८ | ९०८०२ | ४५० | २०८ |
| सुनसरी | १७२५५७३ | ७००८४ | ३३५ | १५० |
| उदयपुर | ४२५४३० | १६७६८ | ११५ | ४१ |
| **जम्मा** | **७९७२७०२** | **३०५७१५** | **१८४६** | **७११** |

*स्रोत : नेपाल राष्ट्र बैंक*

### ५.३.४ फण्ड ट्रान्सफर

आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा कोशी प्रदेशका १४ जिल्लामा रहेका १५ वटा नोटकोषमध्ये खोटाङ र उदयपुर जिल्लामा रहेका २ वटा नोटकोषमा जनकपुर कार्यालयबाट रु.१ अर्ब ९५ करोड फण्ड ट्रान्सफर भएको, ओखलढुङ्गा र सोलुखुम्बु जिल्लामा रहेका २ वटा नोटकोषमा मुद्रा व्यवस्थापन विभागबाट रु. ३६ करोड १० लाख फण्ड ट्रान्सफर भएको तथा मोरङ जिल्ला बाहेकका अन्य ९ जिल्ला (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा र भोजपुर) मा रहेका ११ वटा नोटकोषमा विराटनगर कार्यालयबाट रु.११ अर्ब ९२ करोड ४८ लाख गरी कुल रु.१४ अर्ब २३ करोड ५८ लाख फण्ड ट्रान्सफर भएको छ। गत वर्षको सोही अवधिमा यस प्रदेशमा रहेका नोटकोषमा मुद्रा व्यवस्थापन विभाग, जनकपुर कार्यालय र यस कार्यालयबाट गरी कुल रु.१२ अर्ब ५५ करोड ३० लाख बराबरको फण्ड ट्रान्सफर भएको थियो।

**तालिका ५.१० : नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा गरेको फण्ड ट्रान्सफरको जिल्लागत विवरण**

| जिल्ला | नोटकोष ढुकुटीको स्वीकृत मौज्दात सीमा (रु.करोडमा) | | प्रतिशत परिवर्तन | फण्ड ट्रन्सफर (रु.करोडमा) | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| | गत अवधि<br>आ.व. २०८०/८१ (साउन-पुस) | समीक्षा अवधि<br>आ.व. २०८१/८२ (साउन-पुस) | | गत अवधि<br>आ.व. २०७९/८० (साउन-पुस) | समीक्षा अवधि<br>आ.व. २०८०/८१ (साउन-पुस) | |
| ताप्लेजुङ | ४०.० | ४०.० | ०.० | ५४.० | ६३.५ | १७.६ |
| ओखलढुङ्गा | ३५.० | ३५.० | ०.० | ४४.१ | २९.३ | -३३.५ |
| इलाम | ५५.० | ५५.० | ०.० | ९५.० | ९०.० | -५.३ |
| धनकुटा | ५०.० | ५०.० | ०.० | ६५.५ | १८.० | -७२.५ |
| भोजपुर | ४०.० | ४०.० | ०.० | १२.० | ५४.० | ३५०.० |
| झापा | १३०.० | १३०.० | ०.० | ३२७.० | ४५८.५ | ४०.२ |
| सोलुखुम्बु | ५०.० | ५०.० | ०.० | ३९.१ | ६.८ | -८२.७ |
| खोटाङ | ३०.० | ३०.० | ०.० | २५ | ३० | २० |
| तेह्रथुम | ४०.० | ४०.० | ०.० | ६२ | ६६ | ६.५ |
| मोरङ | - | - | - | - | - | - |
| उदयपुर | ५५.० | ५५.० | ०.० | १३५.० | १६५.० | २२.२ |
| पाँचथर | ४०.० | ४०.० | ०.० | ६५.६ | ६२ | -५.५ |
| संखुवासभा | ४०.० | ४०.० | ०.० | १७२ | १६६ | -३.५ |
| सुनसरी | ११०.० | ११०.० | ०.० | १५९ | २१४.५ | ३४.९ |
| **जम्मा** | **७१५.०** | **७१५.०** | **०.०** | **१२५५.३** | **१४२३.५८** | **१३.४** |

*स्रोत : नेपाल राष्ट्र बैंक*

### ५.३.५ विदेशी विनिमय

२०८१ पुस मसान्तसम्म कोशी प्रदेशमा नेपाल राष्ट्र बैंकबाट ५९ मनिचेञ्जर, ४ होटल, १ ट्रेकिङ्ग एजेन्सी र २ अन्य गरी ६६ एजेन्सीहरूले विदेशी मुद्रा सटहीको इजाजतपत्र प्राप्त गरेका छन्। आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा यस कार्यालयले बैंक तथा वित्तीय संस्थाहरू तथा अन्यबाट रु.२ करोड ३२ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद गरेको छ जसमध्ये रु.५० लाख बराबरको अमेरिकी डलर, रु.२२ लाख बराबरको युरो र रु.१ करोड ६० लाख बराबरको अन्य विदेशी मुद्रा रहेका छन्। समीक्षा अवधिमा यस कार्यालयले गत वर्षको सोही अवधिको तुलनामा ६१.५ प्रतिशत कम विदेशी मुद्रा खरिद गरेको छ।

**तालिका ५.११ : नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा खरिद गरेको परिवर्त्य विदेशी मुद्राको विवरण (रु.करोडमा)**

| विवरण | आ.व. २०७९/८० (साउन-पुस) | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८०/८१ (साउन-पुस) |
|---|---|---|---|
| **अमेरिकी डलर** | ७.०८ | २.१७ | ०.५० |
| **युरो** | १.०२ | ०.५६ | ०.२२ |
| **अन्य** | ५.५८ | ३.२९ | १.६० |
| **जम्मा** | **१३.६८** | **६.०२** | **२.३२** |

*स्रोत : नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालय*


समीक्षा अवधिमा अमेरिकी डलरको खरिद ७७ प्रतिशत, युरो खरिद ६०.७ प्रतिशत र अन्य मुद्रा ५१.४ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा यस बैंकले रु.६ करोड २ लाख बराबरको विदेशी मुद्रा खरिद गरेको थियो । समीक्षा अवधिमा खासगरी वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या वृद्धि भएको र घर फर्किएका नेपाली कामदारले साथमा बोकेर विदेशी मुद्रा ल्याउने प्रचलनमा कमी भएको कारण विदेशी मुद्रा खरिद कमी भएको देखिन्छ । बजारमा केही विदेशी मुद्राको अभाव हुँदा बैंक तथा वित्तीय संस्थाहरूले सर्वसाधारणलाई नै बिक्री गर्ने भएकोले विदेशी मुद्रा खरिदमा कमी भएको देखिन्छ ।

## ५.४ यातायात तथा सञ्चार

### ५.४.१ यातायात

आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा कोशी प्रदेशमा कुल २८ हजार ९७ वटा सवारी साधन दर्ता भएको देखिन्छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ६२.२ प्रतिशतले बढी हो । २०८१ पुस मसान्तसम्म यस प्रदेशका १४ वटा जिल्लाहरुमध्ये सुनसरी, मोरङ, झापा, इलाम, उदयपुर, धनकुटा र ओखलढुङ्गा गरी ७ जिल्लाहरुबाट सवारी साधन दर्ता हुने कार्य हुँदै आएको छ ।

**चार्ट ५.२ : यातायातका साधनहरुको संख्या**





*स्रोत: यातायात व्यवस्था कार्यालय र यातायात व्यवस्था सेवा कार्यालय*

### ५.४.२ सञ्चार

२०८१ असार मसान्तको तुलनामा २०८१ पुस मसान्तमा कोशी प्रदेशमा कुल वितरित टेलिफोन (मोबाइल सेवा समेत) संख्यामा २.८ प्रतिशतले कमी आएको छ। २०८१ पुस मसान्तसम्ममा कुल वितरित टेलिफोनको संख्या ५० लाख ८१ हजार ४ सय ३९ रहेको छ। २०८१ असार मसान्तमा यो संख्या ५२ लाख २८ हजार ६ सय ७२ रहेको थियो। समीक्षा अवधिमा इन्टरनेट सेवा प्रयोगकर्ताको संख्या ९.२ प्रतिशतले वृद्धि भएको छ।

**चार्ट ५.३ : कुल वितरित टेलिफोनको जिल्लागत अवस्था**




*स्रोत : नेपाल टेलिकम र एनसेल प्रा.लि.*

## ५.५ सेवा क्षेत्र कर्जा

२०८१ असारमसान्तको तुलनामा २०८१ पुस मसान्तसम्म यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा ०.५९ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ८१ अर्ब ६२ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा ६.२ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ६५.१२ प्रतिशत रहेको छ।

**तालिका ५.१२ : कोशी प्रदेशमा प्रवाह भएको सेवा क्षेत्र कर्जाको विवरण**

| विवरण | सेवा क्षेत्र कर्जा (रु.करोडमा) | | वृद्धिदर | २०८१ पुस मसान्त (कुल सेवा कर्जामा हिस्सा) |
|---|---|---|---|---|
| | २०८१ असार मसान्तसम्म | २०८१ पुस मसान्तसम्म | प्रतिशतमा | |
| यातायात, भण्डारण र संचार | ६७३.६३ | ६४१.४६ | -४.७८ | १.६८ |
| थोक तथा खुद्रा विक्रेता | १३,१०८.४८ | १३४३४.९८ | २.४९ | ३५.२० |
| वित्त, बीमा तथा अचल सम्पत्ति | २,४६०.३६ | २१७८.७४ | -११.४५ | ५.७१ |
| रियल स्टेट | २,११२.२८ | १९५६.९१ | -७.३६ | ५.१३ |
| पर्यटन | १,२९०.१७ | ११५९.५९ | -१०.१२ | ३.०४ |
| अन्य सेवा | ३१०.९२ | ३७९.५३ | २२.०७ | ०.९९ |
| स्वास्थ्य र अन्य सामाजिक कार्य सम्बन्धी | ५४३.४९ | ५८८.३३ | ८.२५ | १.५४ |
| शिक्षा | १,२००.६१ | १२५७.६७ | ४.७५ | ३.३० |
| उपभोग्य कर्जा | १२,४२९.३५ | १२९५०.७३ | ४.१९ | ३३.९४ |
| अन्य | ३,८०७.५८ | ३६१४.४८ | -५.०७ | ९.४७ |
| **जम्मा** | **३७,९३६.८७** | **३८,१६२.४२** | **०.५९** | **१००.००** |


*स्रोतः नेपाल राष्ट्र बैंक*

२०८१ पुस मसान्तसम्म कुल सेवा क्षेत्र कर्जामध्ये थोक तथा खुद्रा व्यापार शीर्षकमा सबैभन्दा बढी ३५.२ प्रतिशत र अन्य सेवा शीर्षकमा सबैभन्दा कम ०.९९ प्रतिशत कर्जा प्रवाह भएको छ । २०८१ असार मसान्तको तुलनामा सेवा क्षेत्रमा प्रवाहित कर्जा मध्ये अन्य सेवा  कर्जा शीर्षकमा सबैभन्दा बढी २२.०७ प्रतिशतले वृद्धि भएको छ भने वित्त, बीमा तथा अचल सम्पत्ति शीर्षकमा सबैभन्दा बढी ११.४५ प्रतिशतले घटेको छ ।

## ५.६ सहकारी*

२०८० पुस मसान्तको तुलनामा २०८१ पुस मसान्तमा सहकारी संस्थाहरूको कुल पुँजी ७ प्रतिशतले वृद्धि भएको छ । २०७९ पुस मसान्तको तुलनामा २०८० पुस मसान्तमा सहकारी संस्थाहरूको कुल पुँजी ३.४ प्रतिशतले वृद्धि भएको थियो । २०८० पुस मसान्तको तुलनामा २०८१ पुस मसान्तमा सहकारी संस्थाहरूको कुल बचत १५.६ प्रतिशतले बढेको छ भने कुल कर्जा २१.४ प्रतिशतले घटेको छ । २०७९ पुस मसान्तको तुलनामा २०८० पुस मसान्तमा सहकारी संस्थाहरूको कुल बचत र कुल कर्जा क्रमश : १५.६ र २३.६ प्रतिशतले वृद्धि भएको थियो । २०८० पुस मसान्तको तुलनामा २०८१ पुस मसान्तमा सहकारी संस्थाहरूको सदस्य संख्या ८.८ प्रतिशत र कर्मचारी संख्या ०.१ प्रतिशतले वृद्धि भएको छ। २०७९ पुस मसान्तको तुलनामा २०८० पुस मसान्तमा सहकारी संस्थाहरूको सदस्य संख्या ६ प्रतिशत र कर्मचारी संख्या ०.९ प्रतिशतले वृद्धि भएको थियो ।

**चार्ट ५.४ : सहकारी संस्थाहरूको पुँजी, बचत र ऋण लगानीको वृद्धिदर (प्रतिशतमा)**




*स्रोत: अध्ययन क्षेत्रका सहकारी संस्थाहरू*

**यस प्रदेशको प्रदेश सहकारी रजिष्ट्रार कार्यालयमा दर्ता भएका बचत तथा ऋण सहकारी संस्थामध्ये ऋण लगानीका आधारमा नमुना छनोट गरिएका कोशी प्रदेशका १० ठुला बचत तथा ऋण सहकारी संस्थाबाट प्राप्त विवरणको आधारमा गरिएको विश्लेषण ।*

## ५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना

### ५.७.१ चुनौतीहरु

१. ग्रामीण क्षेत्रमा डिजिटल साक्षरताको कमी भएका कारण ई-गभर्नेन्स र अनलाइन सेवाहरूको उपयोग बढाउनुका साथै सूचना प्रविधिको विकास भइरहे पनि सबै क्षेत्रमा यसको समान पहुँच पुऱ्याउनु ।

२. सूचना प्रविधि क्षेत्रमा भएको विकासलाई आत्मसात गर्दै कर्मचारीहरूलाई प्रविधिमैत्री बनाई सार्वजनिक सेवा प्रवाहमा नयाँ प्रविधिको प्रयोग बढाउनु ।

३. पर्यटकीय स्थलहरुको प्रर्वद्धन गर्नु तथा आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गरी पर्यटकहरुको बसाई अवधि लम्ब्याउनु ।
४. बैंकिङ क्षेत्रमा निष्क्रिय कर्जाको भार बढिरहेको सन्दर्भमा बैंक तथा वित्तीय संस्थाले उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह गर्नु तथा खराब कर्जा असुली गरी बैंक तथा वित्तीय संस्थाको Non Performing Assets (NPA) घटाउनु ।
५. डिजिटल बैंकिङका कारोबारमा ठगी तथा अपराध न्यूनीकरण गर्न सेवाग्राहीमा डिजिटल वित्तीय साक्षरता अभिवृद्धि गर्नु ।
६. विद्युतीय यातायातका साधनको संख्यामा वृद्धि भएसँगै चार्जिङ स्टेशनको उपलब्धता बढाई सर्बसुलभ चार्जिङ सुविधा पुऱ्याउनु ।
७. सेवा क्षेत्रमा सेवाग्राहीहरूलाई गुणस्तरीय सेवा प्रवाह नहुनु, ठगी हुनु आदि जस्ता गुनासोहरूलाई सम्बोधन गर्न प्रभावकारी नियमन तथा कानुनी व्यवस्था गर्नु ।

**५.७.२ सम्भावनाहरू**

१. कोशी प्रदेश पर्यटन वर्ष २०८२ ले ८२ वटा प्रमुख पर्यटन स्थल पहिचान गरी कोशी प्रदेशको प्राकृतिक, सांस्कृतिक र धार्मिक सम्पदाहरुलाई प्रवर्द्धन गर्ने हुनाले आन्तरिक तथा बाह्य पर्यटकको संख्यामा वृद्धि हुने ।
२. कोशी प्रदेश सरकारले आयोजना गरेको कोशी लगानी सम्मेलन २०२५ मा कुल ४६ वटा परियोजनाहरूमा रु.१५२.१६ अर्ब बराबरको लगानी प्रतिवद्धता आएसँगै पर्यटन, स्वास्थ्य, सूचना प्रवधि लगायतका क्षेत्रमा विकास हुनुका साथै रोजगारी सिर्जना र पूर्वाधार लगायतका सुविधा वृद्धि भई पर्यटक आगमनमा वृद्धि हुने ।
३. पदयात्राका लागि उत्कृष्ट गन्तव्यका रुपमा रहेका सगरमाथा आधार शिविर, मकालु आधार शिविर, मुन्दुम पदमार्ग लगायतका अन्य गन्तव्यहरुको अन्तर्राष्ट्रिय जगतमा प्रचारप्रसार गरी पर्यटकको संख्यामा वृद्धि गरी लाभ लिन सकिने ।
४. यस प्रदेशमा सुविधा सम्पन्न होटल र क्यासिनो सेवा प्रदान गर्ने होटलहरुको संख्या बढिरहेको हुँदा सीमावर्ती भारतीय नागरिकहरुलाई विवाह लगायतका उत्सवहरु आयोजना गर्न Destination Marriage गन्तव्यका साथै मनोरञ्जन पर्यटन गन्तव्यका रुपमा विदेशी पर्यटकलाई आकर्षित गर्न सकिने ।
५. यस प्रदेशमा रहेका हलेसी, बराहक्षेत्र, पाथीभरा लगायतका धार्मिक स्थल, कोशी नदीमा सञ्चालित जल यातायातका साथै स्काई वाक, जीप लाइन लगायतका साहसिक पर्यटनका क्षेत्रहरुमा पर्यटक आकर्षण गर्न सकिने ।
६. लुक्ला विमानस्थल तथा सल्लेरीसम्मको सहज सडक यातयातको कारण फाप्लु विमानस्थलमा हवाई उडान संख्या न्यून रहेको हुँदा उक्त विमानस्थललाई हवाई रि-फ्यूलिङ सेन्टरको रुपमा स्थापना गरी लाभ लिन सकिने ।


# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

कोशी प्रदेशका विभिन्न जिल्लाहरूमा आर्थिक वर्ष २०८१/८२ पुस मसान्तसम्ममा निर्माण सम्पन्न ५३ वटा जलविद्युत आयोजनाहरुको उत्पादन क्षमता ६६२.२५ मेगावाट रहेको छ । त्यसैगरी, मोरङ जिल्लामा ग्रिड कनेक्टेड सोलार आयोजनाबाट ६.८ मेगावाट र झापा जिल्लामा झापा इनर्जी लिमिटेडबाट १० मेगावाट विद्युत उत्पादन भइरहेको छ । कोशी प्रदेशमा सञ्चालित आयोजनाहरुको कुल उत्पादन क्षमता ६७९.०५ मेगावाट रहेको छ ।

कोशी प्रदेशमा सञ्चालित जलविद्युत आयोजनामध्ये सोलुखुम्बु जिल्लामा सञ्चालित जलविद्युत आयोजनाहरुको सबैभन्दा बढी २५७.४ मे.वा. विद्युत उत्पादन क्षमता रहेको छ । यस प्रदेशका जिल्लाहरूमध्ये इलाममा १६ वटा, सोलुखुम्बुमा ८ वटा, संखुवासभामा ७ वटा, पाँचथरमा ५ वटा, ताप्लेजुङमा ४ वटा, खोटाङमा ३ वटा, भोजपुरमा २ वटा, तेह्रथुम र ओखलढुङ्गामा १/१ वटा जलविद्युत आयोजना रहेका छन् भने झापा र मोरङमा १/१ वटा सोलार विद्युत आयोजना रहेका छन् ।

**चार्ट ६.१ : जिल्लागत विद्युत उत्पादनको अवस्था (जडित क्षमता)**




*स्रोत : विद्युत विकास विभाग*

**कोशी प्रदेशमा अवस्थित अर्थतन्त्रमा प्रभाव पार्ने ठुला आयोजना**

१. **अरुण तेस्रो जलविद्युत आयोजना**

अरुण तेस्रो जलविद्युत आयोजना अन्तर्गत अरुण तेस्रो जलविद्युत आयोजना र अरुण तेस्रो जलविद्युत आयोजना (प्रसारणलाइन निर्माण) गरी दुई वटा आयोजना रहेका छन् । दुईवटा आयोजनाको कुल अनुमानित लागत रु. १ खर्ब ४५ अर्ब रहेको छ ।

कुल विद्युत उत्पादन क्षमता ९०० मे.वा. रहेको **अरुण तेस्रो जलविद्युत आयोजना** निर्माण कार्य वि.सं.२०७५ वैशाखबाट प्रारम्भ भई वि.सं.२०८४ पुससम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस आयोजनाको २०८१ पुस मसान्तसम्मको भौतिक र वित्तीय प्रगति क्रमशः ७६ प्रतिशत र ७० प्रतिशत रहेको छ। यस आयोजनामा स्वदेशी २,०६७ र विदेशी १,४९७ गरी कुल ३,५६४ कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

वि.सं.२०७६ माघबाट प्रारम्भ भई वि.सं. २०८१ माघमा सम्पन्न गर्ने लक्ष्य रहेको **अरुण तेस्रो जलविद्युत आयोजना ४०० के.भी. प्रसारण लाइन** निर्माण आयोजनाको ४०० के.भी. क्षमता र २१७ किलोमिटर लम्बाई रहेको छ । संखुवासभा, भोजपुर, खोटाङ, उदयपुर, सिराहा, धनुषा, महोत्तरी जिल्ला अन्तर्गत पर्ने यस आयोजनाको

वि.सं.२०८१ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ४० प्रतिशत र ६५ प्रतिशत रहेको छ । उक्त आयोजनाबाट स्वदेशी ३२१ र विदेशी २२७ गरी कुल ५४८ जना कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

## २. कोशी कोरिडोर २२० के.भी. प्रसारण लाइन तथा सवस्टेसन निर्माण

कोशी कोरिडोर २२० के.भी. प्रसारण लाइन तथा सवस्टेसन निर्माण अन्तर्गत ईनरुवा–वसन्तपुर–बानेश्वर–तुम्लिङटार २२० के.भी. प्रसारण लाइन आयोजना, तुम्लिङटार-बानेश्वर-वसन्तपुर-इनरुवा २२० के.भी. सवस्टेसन र वसन्तपुर-ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी. प्रसारण लाइन र सव-स्टेशन, वसन्तपुर-ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी. प्रसारण लाइनको दोस्रो सर्किट र वसन्तपुर सव–स्टेशनमा बे एक्सटेन्सन गरी ४ वटा आयोजनाहरु रहेका छन् ।

**तुम्लिङटार-बानेश्वर-वसन्तपुर-इनरुवा गरी ४ वटा सव स्टेशन (स्टेप अप डाउन क्षमता ५५० M.V.A.) ट्रान्समिसन क्षमता २००० M.V.A.को** निर्माण कार्य सन् २०१८ अक्टोवरबाट प्रारम्भ भएको हो जसको कुल अनुमानित लागत २ करोड ६० लाख अमेरिकी डलर रहेको छ । यस आयोजनाको वि.सं.२०८० पुस मसान्तसम्मको भौतिक कार्य सम्पन्न भइसकेको छ भने वित्तीय प्रगति ९५.० प्रतिशत रहेको छ । यस आयोजनाबाट हाल ४० जना स्वदेशी कामदारको प्रत्यक्ष रोजगारी पाईरहेका छन् ।

कोशी कोरिडोर अन्तर्गत ३५ कि.मि. लम्बाइ रहेको **वसन्तपुर-ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी.प्रसारण लाइन र सव-स्टेसनको** निर्माण कार्य सन् २०१८ जुनबाट प्रारम्भ भएको हो । कुल अनुमानित लागत २ करोड १० लाख अमेरिकी डलर रहेको यस आयोजना सन् २०२४ अप्रिलमा भौतिक निर्माण सम्पन्न भई सञ्चालनमा रहेको छ भने वि.सं.२०८१ पुस मसान्तसम्मको वित्तीय प्रगति ९२.० प्रतिशत रहेको छ। उक्त आयोजनामा हाल २० जना स्वदेशी कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

**वसन्तपुर-ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी. प्रसारण लाइनको दोस्रो सर्किट र बसन्तपुर सव-स्टेसनमा बे एक्सटेन्सनको** निर्माण कार्य सन् २०२२ नोभेम्बरबाट प्रारम्भ भएको हो । कुल अनुमानित लागत नेपाली रुपैयाँ ७० करोड रहेको यस आयोजना सन् २०२४ डिसेन्बर ३१ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं.२०८१ पुस मसान्तसम्मको भौतिक प्रगति ९८.० प्रतिशत तथा वित्तीय प्रगति ७८.० प्रतिशत रहेको छ। यस आयोजनामा हाल ३० जना स्वदेशी कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

## ३. कुशाहा–विराटनगर कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजना

यस आयोजनाको निर्माण कार्य आ.व.२०७४/७५ बाट प्रारम्भ भई आ.व.२०८१/८२ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ। यस आयोजनामा १३२ के.भी/डबल सर्किट, २३ कि.मि. प्रसारण लाइन तथा २६३ एम.भि.ए., १३२/३३ के.भि. सवस्टेशन निर्माण गर्न अनुमानित कुल लागत रु.१ अर्ब ९२ करोड रहेको छ। आयोजनाको वि.सं. २०८१ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ६८.७ प्रतिशत र ६९.९ प्रतिशत रहेको छ । यस आयोजनामा हाल १६ जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

## ४. पुष्पलाल मध्यपहाडी लोकमार्ग

राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको पुष्पलाल मध्यपहाडी लोकमार्गको कोशी प्रदेश अन्तर्गत कुल लम्बाई ५१७.२९ कि.मि. रहेको छ। यो आयोजना दुई खण्डमा विभाजन गरेर निर्माण कार्य भइरहेको छ ।

यस लोकमार्गको **पहिलो खण्ड** पाँचथर, तेह्रथुम, धनकुटा र भोजपुर जिल्लामा पर्दछ। वि.सं. २०६९ बैशाखबाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्बाई ३८६ किलोमिटर तथा कुल अनुमानित लागत रु.८ अर्ब ९० करोड रहेको छ । यस खण्डको वि.सं. २०८१ पुस मसान्तसम्मको भौतिक प्रगति ७६ प्रतिशत

तथा वित्तीय प्रगति ८१ प्रतिशत प्रतिशत रहेको छ । यस खण्डमा हाल १,१०० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

त्यसैगरी, यस लोकमार्गको **दोस्रो खण्ड** खोटाङ, ओखलढुङ्गा र उदयपुर जिल्लामा पर्दछ । आ.व.२०७१/७२ बाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्बाई १३१.२९ किलोमिटर रहेको छ । कुल अनुमानित लागत रु.२ अर्ब १४ करोड रहेको यस खण्डको आ.व.२०८३/८४ सम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं.२०८१ पुस मसान्तसम्मको सडकतर्फको भौतिक तथा वित्तीय प्रगति ७४.२६ प्रतिशत रहेको छ । यस खण्डमा हाल १,११० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

### ५. हुलाकी राजमार्ग

कोशी प्रदेशको झापा, मोरङ र सुनसरी तथा मधेश प्रदेशको सप्तरी जिल्ला अन्तर्गत रहेको राष्ट्रिय गौरव आयोजना हुलाकी राजमार्गको कुल लम्बाइ ३४४ किलोमिटर रहेको छ । यस खण्ड अन्तर्गत ३७ वटा पुलहरु रहेका छन् । अनुमानित लागत रु.११ अर्ब ६६ करोड रहेको यस खण्ड आ.व.२०६६/६७ बाट निर्माण कार्य प्रारम्भ भएको यस आयोजना वि.सं. २०८१ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७०.० प्रतिशत तथा ६६.० प्रतिशत रहेको छ ।

### ६. मदन भण्डारी राजमार्ग (भित्रि तराई लोकमार्ग)

कोशी प्रदेशमा सञ्चालनमा रहेको राष्ट्रिय गौरव आयोजना मदन भण्डारी राजमार्ग दुई खण्डमा विभाजन गरी निर्माण कार्य भइरहेको छ ।

यस राजमार्गको **पहिलो खण्ड** सुनसरी, मोरङ, झापा र इलाम जिल्लामा पर्दछ । अनुमानित लागत रु.१० अर्ब १३ करोड रहेको यस खण्ड आ.व.२०७६/७७ बाट निर्माण कार्य प्रारम्भ भई आ.व.२०८१/८२ सम्ममा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.सं.२०८१ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ८० प्रतिशत तथा ७८ प्रतिशत रहेको छ । यस खण्डमा महिला १०० तथा पुरुष १५०० जना गरी जम्मा १,६०० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

त्यस्तै, कुल लम्बाई १३५ कि.मि. रहेको लोकमार्गको **दोस्रो खण्ड** कोशी प्रदेशको उदयपुर र बागमती प्रदेशको सिन्धुली जिल्लामा पर्दछ । आ.व.२०७३/७४ बाट निर्माण कार्य प्रारम्भ भई आ.व. २०८०/८१ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको अनुमानित लागत रु.१३ अर्ब १२ करोड रहेको छ । वि.सं.२०८१ पुस मसान्त सम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः १०० प्रतिशत र ९९ प्रतिशत रहेको छ । यस आयोजनामा महिला १० तथा पुरुष ४० जना गरि जम्मा ५० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

### ७. कोशी (उत्तर दक्षिण) लोकमार्ग

राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको दक्षिणमा भारतको सीमाना जोगवनीदेखि वसन्तपुर, खाँदबारी हुँदै नेपालको उत्तरी सीमाना किमाथाङ्का जोड्ने यस लोकमार्गको कुल लम्बाई ३०९ कि.मि. रहेको छ ।
यस लोकमार्ग अन्तर्गतको **रानी-विराटनगर-इटहरी-धरान सडक आयोजना** निर्माण कार्य आ.व.२०६९/७० बाट प्रारम्भ भई आ.व. २०८१/८२ मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ । कुल लम्बाइ ४९ कि.मि. रहने यस ६ लेन सडक आयोजनाको कुल अनुमानित लागत रु.१० अर्ब ९८ करोड रहेको छ । यस आयोजनाको वि.सं.२०८१ पुस मसान्तसम्मको भौतिक प्रगति ९४ प्रतिशत तथा वित्तीय प्रगति ९४ प्रतिशत रहेको छ । यस आयोजनामा १४ जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

यस लोकमार्गको संखुवासभा जिल्लाको खाँदबारीदेखि उत्तरी सीमा किमाथांकासम्मको **कोशी कोरिडोर सडक आयोजना**को कुल लम्बाइ १६२ कि.मि. रहेको छ । आ.व.२०६५/६६ बाट निर्माण कार्य प्रारम्भ भएको यस आयोजनाको कुल अनुमानित लागत रु. १६ अर्ब २० करोड रहेको छ । आ.व.२०८७/८८ सम्म सम्पन्न गर्ने

लक्ष्य रहेको यस आयोजनाको वि.सं.२०८१ पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ३९.० प्रतिशत र ३७.२ प्रतिशत रहेको छ । यस आयोजनामा ६४४ जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

**८. प्रदेश गौरवको आयोजना : विराटचोक-घिनाघाट सडक आयोजना**

कोशी प्रदेशको प्रदेश गौरवको आयोजनाको रुपमा रहेको यस आयोजनाको कुल लम्बाई २२ कि.मि. रहने यस ४ लेन सडकको निर्माण कार्य आ.व.२०७५/७६ बाट प्रारम्भ भएको हो । यस आयोजनाको कुल अनुमानित लागत रु.२ अर्ब ५ करोड रहेको छ । यस आयोजनाको १ कि.मि. देखि १० कि.मि. सम्म, ११ कि.मि. देखी २० कि.मि. सम्म तथा २१ कि.मी देखि २२ कि.मि.सम्म गरी तीन प्याकेज अन्तर्गत निर्माण कार्य भईरहेकोमा दोस्रो प्याकेज अन्तर्गत निर्माण सम्पन्न भई हस्तान्तरण भईसकेको छ । तेस्रो प्याकेज अन्तर्गतको निर्माण कार्य सम्पन्न भईसकेको छ भने पहिलो प्याकेज निर्माणाधिन अवस्थामा छ । आ.व.२०८१/८२ मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.सं.२०८१ पुस मसान्तसम्मको पहिलो प्याकेज अन्तर्गत भौतिक प्रगति ९८ प्रतिशत तथा वित्तीय प्रगति ८९ प्रतिशत रहेको छ । यस आयोजनाको पहिलो अन्तर्गत ६५ जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

## ६.२ रोजगारी

### वैदेशिक रोजगारी

कोशी प्रदेशमा आर्थिक वर्ष २०८०/८१ को साउनदेखि पुस मसान्तसम्मको तुलनामा समिक्षा अवधिमा वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिनेको संख्या ११.५ प्रतिशतले वृद्धि भई कुल ८३ हजार ९ सय ४८ जना रहेका छन् । गत वर्ष सोहि अवधिमा कुल ७५ हजार २ सय ७२ जनाले वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिएका थिए । समीक्षा अवधिमा यस प्रदेशमा श्रम स्वीकृति लिनेको संख्याको वृद्धिदरमध्ये सुनसरी जिल्लामा सबैभन्दा बढी २१.५ प्रतिशत रहेको छ भने संखुवासभा जिल्लामा ३.४ प्रतिशतले कमी आएको छ ।

**तालिका : ६.१ वैदेशिक रोजगारीका लागि श्रम स्वीकृतिको जिल्लागत विवरण**

| जिल्ला | २०८०/८१ (साउन-पुस) | २०८१/८२ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| **ताप्लेजुङ** | १९५४ | २११८ | ८.४ |
| **संखुवासभा** | २४८७ | २४०२ | -३.४ |
| **सोलुखुम्बु** | १६४० | १७७४ | ८.२ |
| **ओखलढुङ्गा** | २३७२ | २५४१ | ७.१ |
| **खोटाङ** | ४१२२ | ४३०२ | ४.४ |
| **भोजपुर** | ३४१८ | ३६८७ | ७.९ |
| **धनकुटा** | ३२१४ | ३३५१ | ४.३ |
| **तेह्रथुम** | १५७५ | १७०५ | ८.३ |
| **पाँचथर** | ३१११ | ३१८९ | २.५ |
| **इलाम** | ४५७८ | ४७३७ | ३.५ |
| **झापा** | १६२२८ | १८४२४ | १३.५ |
| **मोरङ** | १४३९५ | १६४४२ | १४.२ |
| **सुनसरी** | १०८०१ | १३१२२ | २१.५ |
| **उदयपुर** | ५३७७ | ६१५४ | १४.५ |
| **जम्मा** | **७५,२७२** | **८३,९४८** | **११.५** |

*स्रोत: वैदेशिक रोजगार विभाग, २०८१*

### ६.३ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

#### ६.३.१ चुनौतीहरू

१. पूर्वाधार आयोजना छनौट गर्नु अघि पूर्व सम्भाव्यता अध्ययन, स्रोतको सुनिश्चितता, विभिन्न धार्मिक आस्था, संस्कार, संस्कृती, पर्यावरणको संरक्षण गर्दै स्थानिय बासिन्दाहरुलाई सहमत गराउनु तथा निर्माणधीन आयोजनाहरु समयमै सम्पन्न गर्नु ।

२. गत असोज महिनामा आएको अविरल बर्षाले गर्दा गएको बाढी पहिरोका कारण यस प्रदेशको भौतिक पूर्वाधारमा ठुलो क्षति पुगेकाले क्षति भएका स्थानहरूमा समयमै स्थायी संरचना निर्माण गर्नु र प्राकृतिक प्रकोपबाट पूर्वाधार क्षेत्रमा हुनसक्ने क्षति न्यूनीकरण गर्न आवश्यक संरचना निर्माण गर्नु ।

३. सडक विस्तार, खानेपानी तथा ढलनिकास, सञ्चार तथा विद्युत विस्तारको कार्यमा अन्तर निकाय समन्वय स्थापित गर्नु ।

४. निर्माण कार्य सम्पन्न भएपश्चात् आयोजनाको निरन्तर अनुगमन, रेखदेख र मर्मत सम्भार गर्ने चुस्त दुरुस्त प्रणालीको विकास गर्नु ।

५. पूर्वाधार क्षेत्रमा आवश्यक पर्ने दक्ष प्राविधिक जनशक्ति स्वदेशमा नै उत्पादन गर्नु ।

#### ६.३.२ सम्भावनाहरू

१. यस प्रदेशमा निर्माणाधीन रहेका पुष्पलाल मध्य पहाडी लोकमार्ग, मदन भण्डारी राजमार्ग, पूर्वपश्चिम राजमार्ग, हुलाकी राजमार्ग, कोशी राजमार्ग जस्ता सडक आयोजनाको निर्माण सम्पन्न भएपश्चात् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्मको पहुँच सहज भई ग्रामीण क्षेत्रमा आर्थिक क्रियाकलाप बढ्ने तथा स्थानीय उत्पादनहरूको बजारिकरण सहज हुने ।

२. निर्माणाधीन ठुला जलविद्युत अयोजनाहरू सम्पन्न हुन लागेको तथा अन्तरदेशीय विद्युत प्रसारणलाइन निर्माणको क्रममा रहेकोले जलविद्युतको उत्पादन तथा निर्यातबाट विदेशी मुद्रा आर्जन गर्न सकिने ।

३. विराटनगर विमानस्थल स्तरोन्नति क्रममा रहेकाले समयमै निर्माण सम्पन्न गरी भारतीय प्रमुख शहरहरू, कोशी प्रदेशका पहाडी क्षेत्र र अन्य पर्यटकीय गन्तव्यहरूसँग जोड्ने गरी हवाई सेवा सञ्चालन गर्न सके यस प्रदेशमा पर्यटकीय गतिविधि बढाउन सकिने ।

४. कोशी कोरिडोर सडक आयोजनाको निर्माणलाई तीव्रता दिई तिब्वतसँग सडक जोड्न सके चीनसँग हुने व्यापार सहज भई आर्थिक गतिविधि बढ्ने र देशकै निर्बाध आपूर्ति व्यवस्थामा योगदान गर्न सक्ने ।

# परिच्छेद ७ : प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ कोशी प्रदेशको सरकारी वित्त स्थिति

१. आर्थिक वर्ष २०८१/८२ का लागि कोशी प्रदेश सरकारले कुल रु.३५ अर्ब २८ करोड बजेट विनियोजन गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयको विवरण अनुसार पहिलो ६ महिनाको अवधिमा रु.८ अर्ब ७७ करोड खर्च भएको छ, जुन कुल विनियोजनको २४.८५ प्रतिशत हो। आ.व. २०८०/८१ को सोही अवधिमा २०.८५ प्रतिशत खर्च भएको थियो।

२. आर्थिक वर्ष २०८१/८२ मा चालु खर्चतर्फ विनियोजन भएको रु.१८ अर्ब ७३ करोडमध्ये २०८१ पुस मसान्तसम्म रु.६ अर्ब २१ करोड खर्च भएको छ जुन विनियोजन भएको चालु खर्चको ३३.१४ प्रतिशत हो। गत वर्षको सोही अवधिमा यस्तो खर्च ३०.१९ प्रतिशत रहेको थियो। त्यसैगरी, पुँजीगत खर्चतर्फ विनियोजन भएको रु.१६ अर्ब ५२ करोड मध्ये समीक्षा अवधिको अन्त्यसम्म रु.२ अर्ब ५६ करोड खर्च भएको छ जुन विनियोजन भएको पुँजीगत खर्चको १५.४८ प्रतिशत हो। गत वर्षको सोही अवधिमा यस्तो खर्च १३.४० प्रतिशत रहेको थियो।

३. कोशी प्रदेश सरकारले आ.व.२०८१/८२ मा आन्तरिक स्रोत र राजस्व बाँडफाँडबाट गरी कुल राजस्व रु.२० अर्ब ६३ करोड परिचालन गर्ने अनुमान गरेकोमा २०८१ पुस मसान्तसम्म रु.१० अर्ब राजस्व परिचालन गरेको छ जुन कुल राजस्व अनुमानको ४८.४५ प्रतिशत हो।

४. आ.व.२०८१/८२ मा कोशी प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१४ अर्ब ५४ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०८१ पुस मसान्तसम्म कुल रु.३ अर्ब ९० करोड अनुदान प्राप्त गरेको छ। प्राप्त भएको अनुदान रकममध्ये समानीकरण अनुदानको रकम सवैभन्दा बढि रु.२ अर्ब २३ करोड ५८ लाख रहेको छ भने समपुरक अनुदानको रकम सबैभन्दा कम रु.२१ करोड ६१ लाख रहेको छ।

**तालिका ७.१: कोशी प्रदेश सरकारको वित्तीय प्रगति विवरण**

| शीर्षक | आ.व. २०८०/८१ | | आ.व.२०८१/८२ | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ (साउन –पुस) | बजेट | यथार्थ (साउन –पुस) | २०८०/८१ (साउन –पुस) | २०८१/८२ (साउन –पुस) |
| **कुल खर्च (रु. अर्ब)** | **३६.७४** | **७.६७** | **३५.२८** | **८.७७** | **२०.८७** | **२४.८५** |
| चालु खर्च | १६.३५ | ४.९४ | १८.७३ | ६.२१ | ३०.१९ | ३३.१४ |
| पुँजीगत खर्च | २०.३९ | २.७३ | १६.५२ | २.५६ | १३.४० | १५.४८ |
| वित्तीय व्यवस्था खर्च | ०.०१ | ०.०० | ०.०२ | ०.०० | ०.०० | ०.०० |
| **कुल राजश्व (रु. अर्ब)** | **२०.४८** | **९.४२** | **२०.६३** | **१०.००** | **४६.००** | **४८.४५** |
| **अनुदान प्राप्ति (रु. अर्ब)** | १६.१२ | ८.२१ | १४.५४ | ३.९० | ५०.९१ | २६.८० |

*स्रोत : कोशी प्रदेश सरकारको बजेट वक्तव्य तथा प्रदेश लेखा नियन्त्रकको कार्यालय*

## ७.२ कोशी प्रदेशका स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति#

आर्थिक वर्ष २०८१/८२ को पुस मसान्त सम्म अध्ययनको लागि छनोट गरिएका कोशी प्रदेशका स्थानीय तहहरुले विनियोजित कुल बजेटको ३०.७ प्रतिशत रकम खर्च गरेका छन् जसमध्ये चालु खर्चतर्फ विनियोजित बजेटको ३४.३ प्रतिशत र पुँजीगत खर्चतर्फ विनियोजित बजेटको २४.९ प्रतिशत रकम खर्च भएको छ। गत वर्षको सोही अवधिमा

विनियोजित कुल बजेटको २९.९ प्रतिशत रकम खर्च भएको थियो । समीक्षा अवधिमा ती स्थानीय तहहरुले गरेको कुल खर्च अघिल्लो वर्षको सोही अवधिको तुलनामा ०.६ प्रतिशतले कम भएको देखिन्छ ।


**तालिका ७.२: कोशी प्रदेशका स्थानीय तहहरुको वित्त स्थिति (रकम रु.करोडमा)**

| शीर्षक | उप-शीर्षक | २०८०/८१ | | २०८१/८२ | | प्रगति | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | वास्तविक (साउन-पुस) | बजेट | वास्तविक (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | २०८१/८२ (साउन-पुस) | वृद्धिदर |
| **खर्च** | **कुल खर्च** | **१०३२.८** | **३०९.२** | **१००२.२** | **३०७.३** | **२९.९** | **३०.७** | **-०.६** |
| | चालु | ५२८.६ | १९४.३ | ५६६.६ | १९४.४ | ३६.८ | ३४.३ | ०.१ |
| | पुँजीगत | ४९५.४ | ११०.६ | ४२६.६ | १०६.४ | २२.३ | २४.९ | -३.८ |
| | वित्तीय | ८.८ | ४.२ | ९.० | ६.५ | ४७.९ | ७२.३ | ५४.८ |
| **राजस्व** | **कुल प्राप्ती** | **४७४.२** | **१५२.९** | **६०५.१** | **२२२.७** | **३२.२** | **३६.८** | **४५.७** |
| | आन्तरिक स्रोतबाट प्राप्त | २५१.३ | १००.१ | ३४०.६ | १५६.१ | ३९.८ | ४५.८ | ५५.९ |
| | राजस्व बाँडफाँडबाट प्राप्त | २०८.५ | ५१.१ | २६२.९ | ६६.५ | २४.५ | २५.३ | ३०.१ |
| | अन्य | १४.३ | १.७ | १.६ | ०.१ | १२.० | ३.२ | -९४.१ |
| **अनुदान तथा हस्तान्तरण प्राप्ति** | **कुल अनुदान तथा हस्तान्तरण** | **५४१.५** | **२४७.०** | **६५४.९** | **२८८.९** | **४५.६** | **४४.१** | **१७.०** |
| | समानीकरण | १४३.८ | ७६.९ | २०३.८ | ९६.७ | ५३.५ | ४७.४ | २५.७ |
| | समपूरक | ३४.१ | २.६ | १७.० | ३.२ | ७.७ | १८.६ | २३.१ |
| | विशेष | १५.० | ३.७ | २२.७ | ५.८ | २४.४ | २५.८ | ५६.८ |
| | सशर्त | ३४८.७ | १६३.९ | ४११.४ | १८३.२ | ४७.० | ४४.५ | ११.८ |
| | अन्य | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| **ऋण** | **कुल ऋण** | **३.२** | **०.०** | **६.०** | **०.०** | ०.० | ०.० | **०.०** |
| | बाह्य | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | आन्तरिक | ३.२ | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |

*स्रोतः सम्बन्धित स्थानीय तह*

कोशी प्रदेशका छनोट गरिएका स्थानीय तहहरुले समीक्षा अवधिमा अनुमानित राजस्वको ३६.८ प्रतिशत रकम परिचालन गरेका छन् । उक्त राजस्व रकम अघिल्लो वर्षको सोही अवधिमा परिचालन गरेको राजस्वको तुलनामा ४५.७ प्रतिशतले वृद्धि भएको देखिन्छ । समीक्षा अवधिमा स्थानीय तहहरुले अनुदान तथा हस्तान्तरण वापत अनुमान गरेको रकमको ४४.१ प्रतिशत रकम प्राप्त गरेका छन् । उक्त रकम अघिल्लो वर्षको सोही अवधिको तुलनामा १७.० प्रतिशतले बढी हो ।

**चार्ट ७.१ : आर्थिक वर्ष २०८१/८२ मा कोशी प्रदेशका स्थानीय तहहरूको कुल प्राप्तिको संरचना**




*स्रोत: सम्बन्धित स्थानीय तह*

*#कोशी प्रदेशस्थित विराटनगर महानगरपालिका, इटहरी र धरान उप-महानगरपालिका र बजेट विनियोजनको आकारका आधारमा छनोट गरिएका दुई ठुला दमक नगरपालिका र बिर्तामोड नगरपालिका गरी ५ स्थानीय तहहरूको आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ को विनियोजित बजेट र वास्तविक उपलब्धिको आधारमा गरिएको विश्लेषण ।*

# परिच्छेद ८ : आर्थिक परिदृष्य

## ८.१ कृषि उत्पादन

१. उपयुक्त समयमा वर्षा भएका कारण यो वर्ष वर्षे धानको उत्पादन बढ्ने देखिन्छ । हाइब्रिड मकैतर्फ किसानको रुचि बढ्नु, फौजी किराको नियन्त्रणका कार्यक्रम सञ्चालन हुनु र गहुँको सट्टा मकै रोज्ने कृषकको संख्या बढ्दै जानुका कारण गहुँको उत्पादन घट्न सक्ने र मकैको उत्पादन बढ्ने देखिन्छ ।

२. प्रदेशको पहाडी भेगमा बाँदरको समस्याले विकराल रुप लिइरहेकोले कृषिको भू-क्षेत्र तथा कृषि उत्पादनमा समेत प्रतिकुल प्रभाव पर्ने देखिन्छ ।

३. कोशी प्रदेशका सबै जिल्लामा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको स्थापना हुनु, पशु नश्ल सुधार कार्यक्रम सञ्चालन हुनु र खोरेत, पि.पि.आर., स्वाइन फिवर, लम्पी स्किन, रानीखेत जस्ता रोग न्यूनीकरणका लागि प्रदेश सरकारले कार्यक्रमहरू सञ्चालन गर्नुले दुध तथा पशुजन्य उत्पादनमा वृद्धि हुने देखिन्छ ।

४. आधुनिक प्रविधिमा आधारित व्यावसायिक कृषकहरूको संख्या बढ्ने क्रममा रहेकोले बेमौसमी कृषिजन्य उत्पादनमा वृद्धि हुने देखिन्छ ।

५. प्रतिकुल मौसमका कारण आँपको उत्पादन घट्ने देखिन्छ । कफी खेतीप्रति आकर्षण बढेसँगै कफीको उत्पादनमा उल्लेखनीय वृद्धि हुने देखिन्छ ।

६. चिराइतो खेतीप्रति किसानको आकर्षण बढेसँगै चिराइतोको उत्पादनमा उल्लेखनीय वृद्धि हुने देखिन्छ ।

## ८.२ औद्योगिक उत्पादन

१. आन्तरिक मागमा आएको सुधारका कारण कोशी प्रदेशमा सञ्चालित उद्योगहरूको औसत क्षमता उपयोग र उत्पादनमा सुधार हुने देखिन्छ ।

२. भारतीय बजारमा भटमास तथा सूर्यमुखी तेलको मागमा भएको वृद्धि तथा नेपाललाई प्राप्त साफ्टा सुविधाले भटमासको तेल र सूर्यमुखी तेलको उत्पादनमा वृद्धि हुने देखिन्छ ।

३. नेपालबाट भारतमा निर्यात हुने विभिन्न १० खाद्य समूह अन्तर्गत पर्ने वस्तुको गुणस्तर परीक्षणलाई भारतले पारस्परिक मान्यता दिने भएकोले चियाको उत्पादन तथा निर्यातमा वृद्धि हुने देखिन्छ ।

## ८.३ सेवा क्षेत्र

१. कोशी प्रदेश पर्यटन वर्ष २०८२ ले ८२ वटा प्रमुख पर्यटन स्थल पहिचान गरी कोशी प्रदेशको प्राकृतिक, सांस्कृतिक र धार्मिक सम्पदाहरुलाई प्रवर्द्धन गर्ने हुनाले आन्तरिक तथा बाह्य पर्यटकको संख्यामा वृद्धि हुने देखिन्छ ।

२. कोशी प्रदेशमा अत्याधुनिक सुविधा सम्पन्न तारे होटल तथा क्यासिनो सञ्चानल गर्ने होटलको संख्या बढिरहेको साथै स्काईवाक, जीपलाइन, ऱ्यापिटङ लगायतका साहसिक एवम् मनोरञ्जनात्मक पर्यटनका क्षेत्रहरुको विस्तारले स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गरी पर्यटन क्षेत्रमा योगदान पुग्ने देखिन्छ ।

३. बैंक तथा वित्तीय संस्थामा लगानीयोग्य रकम बढ्दा र आधार दर घट्दा रियलस्टेट र सार्वजनिक निर्माण क्षेत्र चलायमान हुने देखिन्छ ।

## ८.४ पूर्वाधार क्षेत्र

१. युवा जनशक्तिको अध्ययन तथा रोजगारीका लागि विदेश जाने क्रम नरोकिएकोले पूर्वाधार क्षेत्रमा दक्ष, अर्धदक्ष तथा अदक्ष कामदारको अभाव हुने देखिन्छ ।

२. हरित प्रविधिमा आधारित नयाँ परियोजनाहरू (जस्तै, हरित हाइड्रोजन, यूरिया रसायन फ्याक्ट्री) र Public Private Partnership (PPP) मोडेलले दीर्घकालीन मुनाफा र रोजगारी सिर्जना गर्ने सम्भावना देखिन्छ ।

३. विराटनगर विमानस्थलको आधुनिक टर्मिनल भवन निर्माणको क्रममा रहेको र २०८२ मंसिरसम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको हुँदा सो निर्माण पश्चात नयाँ टर्मिनल भवनले अधिकतम यात्रुलाई सेवा दिन सक्नुका साथै यहाँ भारतका कोलकता, दिल्ली, वनारस जस्ता शहरका साथै छिमेकी देशहरुसँग सिधा हवाई सम्पर्क कायम हुनगई यस क्षेत्रको व्यापार, पर्यटनमा प्रवर्द्धन हुने देखिन्छ ।

४. कोशी प्रदेश सरकारले आयोजना गरेको कोशी लगानी सम्मेलन २०२५ मा ९ वटा पूर्वाधार परियोजनामा ३८.४१ अर्ब बराबरको लगानी प्रतिवद्धता आएसँगै पूर्वाधार क्षेत्रको विकास हुनुका साथै रोजगारीमा पनि वृद्धि हुने देखिन्छ ।